# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३०६ | काठमाडौं | आइतबार, १८ फागुन २०८१ | Prabhab National Daily | Sunday, March 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## 'नो कोसी' आन्दोलन ब्युँताउने प्रयास




- प्रदेशको नाम 'कोसी' कायम भएको दुई वर्ष पूरा
- कोसी नाम खारेजी आन्दोलन लामो समय छायामा
- पहिचान पक्षधरले लाजेहाङ गुमाए, तर कोसी नाम खारेज भएन

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** धरानकाण्ड, इलामको उपचुनाव र ताप्लेजुङको मुक्कुम्लुङमा केबलकार खारेजी संघर्षका कारण लामो समय 'नो कोसी' आन्दोलन पहिचान पक्षधरहरूको बेवास्तामा पर्‍यो । गत वर्षको साउनयता उनीहरू 'नो कोसी' आन्दोलनमा झल्याकझुलुक मात्रै देखिए ।

शनिबार प्रदेशको नाम कोसी राखिएको दुई वर्ष पूरा भयो । १७ फागुन २०७९ मा प्रदेश संसद्को दुईतिहाइ बहुमतले कोसी नाम कायम गरेको थियो । सोही दिनलाई शनिबार पहिचान पक्षधरहरूले 'कालो दिन'का रूपमा सम्झिए । प्रदेशभर विरोधसभा गरे । कोमामा पुगेको कोसी नाम खारेजी आन्दोलनलाई ब्युँताउने प्रयास गरे ।

लाजेहाङ भनिने पदम सुक्वाबा लिम्बूले नो कोसी आन्दोलनमा ज्यान गुमाए । कयौं घाइते भए । रक्तरञ्जित यो आन्दोलन पहिचान पक्षधरका लागि 'हात लागी शून्य' भएको विश्लेषकहरू बताउँछन् । आन्दोलनमै रहेको एउटा दल संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देनले आन्दोलन अब झनै सशक्त हुने बताएका छन् । 'अब सिंहदरबार हल्लिनेगरी आन्दोलन हुन्छ, निर्णायक आन्दोलन हुन्छ,' उनले दाबी गरे ।


क्रमशः पृष्ठ २ मा


इटुडब्लू कन्सल्टेन्सीको ठगीधन्दा

# युरोप जान पैसा बुझाएका ७०० भन्दा बढीको बिचल्ली

### सञ्चालक प्रकाश केसी फरार, पीडित भन्छन्- महानायकको भिडियो देखेपछि शंका नगरी पैसा बुझाइयो

- टिकटकमा आकर्षक रोजगारीको अवसर देखाएर फसाइयो, विज्ञापनमा राजेश हमाल र भुवन केसीलाई प्रयोग
- दुबई र दोहामा कार्यालय खोलेर ठगीधन्दा सञ्चालन
- शैक्षिक परामर्श र तालिम दिने अनुमति लिएर ललितपुरमा कम्पनी दर्ता, तर काम भने वैदेशिक रोजगारीको नाममा ठगी
- वैदेशिक रोजगार विभागबाट प्रकाश केसी र कृष्ण नेपालीलाई पक्राउ गरेर बुझाउन प्रहरीलाई पत्राचार


■ **ममता थापा**

**काठमाडौं–** सर्लाहीको हरिवन-११ का आकाश नेपाली सामाजिक सञ्जाल टिकटकमा वैदेशिक रोजगारसम्बन्धी एक आकर्षक विज्ञापन देखेर लोभिए । उक्त विज्ञापनमा युरोपेली मुलुकमा आकर्षक तलबसहितको रोजगारीमा जाने अवसरबारे जानकारी दिइएको थियो । त्यसरी विज्ञापन गर्नेमा कुनै म्यानपावर कम्पनी भने थिएन । ललितपुरस्थित इलाइट टु वर्क ह्युमन रिसोर्स एण्ड हस्पिटालिटी ट्रेनिङ सेन्टर (इटुडब्लू) नामक कन्सल्टेन्सीले टिकटकमा त्यस्तो विज्ञापन टिकटकमा हालेको थियो ।


आकर्षक तलब सुविधा देखेर आकाश ललितपुरको सातदोबाटोस्थित विशालचोकमा रहेको इटुडब्लूको कार्यालयमा पुगे । उनले लिथुआनिया जाने भनेर २०८० कात्तिक २३ गते कागजात पेस गरे । उनलाई जम्मा नौ लाख रूपैयाँ लाग्छ भनियो । 'डकुमेन्ट प्रोसेस' गर्न भन्दै कन्सल्टेन्सीले आकाशसँग सुरुमै एक लाख रूपैयाँ लियो । तीन महिनापछि 'वर्क पर्मिट' आउँछ भनिएको थियो । तीन महिना बित्यो तर पर्मिट आएन । त्यसपछि उनी इटुडब्लूको कार्यालयमै पुगे । फेरि केही हप्तामा आउँछ भन्दै उनलाई आश्वास्त पारियो । हप्तौं बित्दा पनि वर्क पर्मिट नआएपछि भने आकाशलाई आफू ठगीमा परेको त हैन भन्ने शंका लाग्यो । सञ्चालकले 'पीर नमान्नु, हामी त्यस्तो काम गर्दैनौं' भन्दै थिए । त्यसको केही समयपछि सञ्चालक सम्पर्कविहीन भए ।

साउदीमा काम गरिरहेका नवलपरासीका दिनेश कुमालले पनि टिकटकबाटै इटुडब्लूको विज्ञापन हेरे । उनले क्रोएसिया जाने भनेर काम गर्दै गर्न एक वर्षअघि डेढ लाख रूपैयाँ बुझाएका थिए ।


क्रमशः पृष्ठ २ मा

इटुडब्लूको नेपालस्थित कार्यालयका सञ्चालक प्रकाश केसी




नेपाल र कतारमा एउटै लोगो तर फरक-फरक नाममा सञ्चालन गरिएको इटुडब्लू कम्पनी ।

**सन्दर्भः वैदेशिक रोजगार**

# देउवाको साथले ओलीको निशानामा नेपालको दल

■ **जेबी योञ्जन**

**काठमाडौं–** कांग्रेस-एमाले गठबन्धनको दुई तिहाइवाला सरकार अध्यादेशको पासोमा छ । अध्यादेशको आयु भने ६० दिनको मात्रै हुन्छ । २९ दिन त त्यसै गुज्रिसक्यो । अब अध्यादेश स्वीकृत गराउन सरकारलाई ३१ दिनको अवधि छ ।

त्यतिञ्जेल स्वीकृत नभए स्वतः निष्क्रिय हुने संवैधानिक प्रावधान छ । पुस र माघको पहिलो सातासम्ममा सरकारले छ वटा अध्यादेश ल्याएको थियो । १८ माघमा संसद्मा पेस भएको छ ।

राजनीतिक विश्लेषक हरि रोकाका अनुसार यस्तोबेला बहुमत जुटाएर अध्यादेश स्वीकृत गर्ने सरकारसँग चारवटा विकल्प छन् । पहिलो, गठबन्धनमै रहेको दल जनता समाजवादी पार्टी (जसपा) नेपाललाई मनाउने, दोस्रो भूमिसम्बन्धी अध्यादेश फिर्ता लिने, तेस्रो सांसद अनुपस्थित गर्ने र चौथो राजनीतिक दलसम्बन्धी विधेयक ल्याएर दल विभाजन गर्न सहज बनाउने ।

विकसित राजनीतिक घटनाक्रमलाई आधार मान्दा कांग्रेस-एमाले चौथो विकल्पमा अघि बढ्ने भएका छन् । अर्थात् दल विभाजन गर्नेगरी विधेयक अघि बढाउने कदम चाल्ने पक्षमा दुई दल देखिएका छन् । त्यो भनेको नेकपा एकीकृत समाजवादीलाई विभाजन गर्ने ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् अधिवेशन बोलाउनुअघि नै उक्त दल विभाजन गर्न खोजेका थिए । त्यसका लागि राजनीतिक दलसम्बन्धी ऐन २०७३ लाई संशोधन विधेयक ल्याउन खोजेका थिए । त्यसबेला कांग्रेस सभापति शेरबहादुर देउवा बाधक बने । माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा विपक्षी नेताहरू दल विभाजनसम्बन्धी अध्यादेश नल्याउन भन्दै ओलीकहाँ डेलिगेसन नै गएका थिए । अन्ततः ओलीले अध्यादेश ल्याएनन् ।

यतिबेला भने अध्यादेश स्वीकृत गराउन सकस ओलीलाई छ । देउवाले ओलीलाई यसपटक साथ दिने देखिएको छ । त्यसबारे संकेत गर्दै कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले प्रभावसँग भने, 'अध्यादेश त्यत्तिकै थन्क्याइराख्नु त भएन । केही न केही विकल्प खोज्नुपर्‍यो । विकल्प खोज्ने क्रममा दल विभाजनसम्बन्धी ऐन संशोधन गर्नुपर्ने हुन सक्छ । तर, के-के प्रावधान संशोधन गर्ने ? कुरा भइसकेको छैन ।'

एकीकृत समाजवादी ठूलो चिरा परेको घरजस्तो छ । वैचारिक र सैद्धान्तिक मतभेद चुलीमा छ । हालै सम्पन्न केन्द्रीय समिति बैठकमा अध्यक्ष नेपालको राजनीतिक प्रतिवेदनमा सम्मानित नेता झलनाथ खनालले कयौं फरक मत राख्नु, महासचिव घनश्याम भुसालनिकट मानिने अनेरास्ववियु अध्यक्ष आरती लामा र युवा संघका अध्यक्ष कृष्ण विकलगायतलाई हटाउनुलगायतले पार्टी एकता जोखिमपूर्ण अवस्थामा रहेको छ । पार्टीको एउटा पंक्ति गत असारको महाधिवेशनपछि निष्क्रिय छ । यही दलको राष्ट्रियसभामा आठ जना सांसद छन् । स्रोतका अनुसार एकीकृत समाजवादी विभाजन भएमा कम्तीमा चार जना राष्ट्रियसभा सदस्य एमालेमा जाने सम्भावना छ ।

उनीहरू विभाजित भएर सत्ता गठबन्धनले ल्याएको अध्यादेश पक्षमा उभिए राष्ट्रियसभाबाट स्वीकृत हुन्छ । यस्तो सम्भावित राजनीतिक खेलले एकीकृत समाजवादीमा हलचल पैदा गरेको छ । उक्त पार्टीका नेता भानुभक्त जोशीले भने, 'राजनीतिमा एउटा समीक्षा हुन्छ । अध्यादेशबाट राजनीतिक दल फुटेका कतिपय अप्रिय घटनाहरू छन्, अहिले देशमा विषम् परिस्थिति भइरहेको बेलामा ल्याइएको छ ।


क्रमशः पृष्ठ २ मा





- दलसम्बन्धी ऐन संशोधन विधेयक अघि बढाउने पक्षमा कांग्रेस-एमाले
- ऐनको दफा ३३ को उपदफा २ मा संशोधनको सम्भावना
- केन्द्रीय समिति र संघीय सांसद ४० को व्यवस्थामा वा थप्न संशोधन
- दल विभाजन खुकुलो पार्नेगरी विधेयक ल्याउनुको पछि एकीकृत समाजवादी फुटाउने लुप्त चाहना







पृष्ठ १ बाट क्रमशः

## युरोप जान...

क्रोएसिया जान जम्मा २० हजार साउदी रियाल लाग्छ भनिएको थियो । तर केही समयपछि सञ्चालक सम्पर्कविहीन भए । 'पीडक विदेश भागिसक्यो, अहिलेसम्म समात्न सकेको छैन,' दिनेश भन्छन्, 'साउदीबाट कमाएको पैसा ठगी भयो । फेरि पनि विदेश जाने भनेको जताततै ठगीमात्र हुन्छ । नगए पनि सुख छैन । गरिबीको समस्या छ ।'

आकाश र दिनेश त उदाहरण पात्रमात्र हुन् । युरोप जाने प्रलोभनमा परी रामेछापकी तनिशा खड्काले तीन लाख रूपैयाँ, दोलखाका अञ्जन तामाङले दुई लाख २५ हजार, भोजपुरका इन्द्रबहादुर राउतले दुई लाख १० हजार, दीपेश श्रेष्ठले एक लाख ५० हजार, राजेश सुनुवारले एक लाख ५० हजार, मिङमार थिङले एक लाख ५० हजार, आङजाङ्बु शेर्पाले दुई लाख २५ हजार, दिनेश लामा तामाङले एक लाख ५० हजार र अजय तामाङले दुई लाख २५ हजार रूपैयाँ इटुडब्लू कन्सल्टेन्सीका सञ्चालक प्रकाश केसीको बैंक खातामा जम्मा गरेका थिए । उनीहरूले केसीको नाममा एनआइसी एसिया बैंकमा रहेको विभिन्न मितिमा रकम जम्मा गरेको पुष्टि भएको छ ।

उनीहरू जसरी ठगिएका युवाहरू सयौं रहेको खुलेको छ । अहिले इटुडब्लूबाट ठगिएका ७०० भन्दा बढी ह्वाट्एप ग्रुपमा जोडिएका छन् । उनीहरूलाई माल्टा, डेनमार्क, क्रोएसिया, हंगेरी, पोल्यान्ड, रोमानियालगायतका देश पठाइदिने भनिएको थियो । पीडितहरूबाट एकदेखि आठ लाख रूपैयाँसम्म लिएको भेटिएको छ ।

### दोहा र दुबईमा कार्यालय, युवालाई लोभ्याउन सेलिब्रेटीको प्रयोग

इटुडब्लूको फेसबुक पेजमा मुख्य कार्यालय युएईको दुबई उल्लेख गरिएको छ । उक्त पेजबाट युरोपका विभिन्न मुलुकमा रोजगारीमा पठाउने सूचना जारी गरेको पाइन्छ । साथै, कतारको दोहामासमेत कार्यालय खोलेर ठगीको काम गरेको खुलेको छ ।

युवाहरूलाई फसाउन चर्चित कलाकारहरू प्रयोग गरेको पाइएको छ । पीडितहरूका अनुसार इटुडब्लू कन्सल्टेन्सीले कतारमा राजेश हमाल, भुवन केसीलगायत कलाकारलाई लगेर 'युरोप जाने सपना इटुडब्लूले पूरा गर्ने' भन्दै भिडियो तयार पारेको थियो । 'सेलिब्रेटी'को भिडियोमार्फत इटुडब्लू कन्सल्टेन्सीप्रति विश्वस्त भएका युवाहरू अन्ततः ठगीमा परेका हुन् । 'महानायक राजेश हमालजस्तो मान्छेले भनेपछि त पक्कै ठगिन्न भनेर केही नसोचि पैसा बुझाएको हुँ,' एक पीडितले भने । अहिले ती भिडियोहरू हटाइएको उनीहरू बताउँछन् ।

### पीडितको आक्रोश: विभाग र प्रहरीले झुलायो

लाखौं रकम असुलेर सञ्चालक केसी सम्पर्कविहीन भएपछि पीडितहरूले वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गरेका थिए । पीडितले उजुरी दिएपछि विभागले इटुडब्लूको कार्यालयमा ताला लगाइदियो । विभागले गत साउन १६ गते इटुडब्लूका सञ्चालक प्रकाश केसी र कृष्ण नेपालीविरुद्ध पक्राउ पुर्जी जारी गरी पक्राउ गरेर विभागमा बुझाउन माग गर्दै प्रहरीलाई पत्राचार गरेको थियो । तर अहिलेसम्म उनीहरू पक्राउ परेका छैनन् ।

पीडितहरूका अनुसार केसी अहिले पनि सामाजिक सञ्जालमा उनीहरूका पोस्ट हेर्छन्, रियाक्ट गर्छन् । मेसेज 'डेलिभर्ड' हुन्छ तर रिप्लाइ गर्दैनन् । 'विभागमा गयो प्रहरीले समात्छ भन्छ, प्रहरीकोमा जाँदा प्रक्राउ पुर्जी आएन भन्दै हामीलाई झुलाउने काम मात्र भइरहेको छ,' पीडित भन्छन्, 'पीडक सामाजिक सञ्जालमा आइरहेको छ, प्रहरीले समात्न सकेको छैन, विभाग र प्रहरी नै मिलेको हो कि जस्तो लाग्छ ।'

इटुडब्लु अर्थात् इलाइट टु वर्क ह्युमन रिसोर्स एण्ड हस्पिटालिटी ट्रेनिङ सेन्टर प्रालि शैक्षिक परामर्श तथा तालिम सञ्चालन गर्ने अनुमति लिएर २०८० असार १ गते कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको देखिन्छ । सोही वर्षको भदौ २४ गते ललितपुर महानगरपालिकाबाटसमेत व्यवसाय दर्ताको प्रमाणपत्र लिएको पाइएको छ । पीडितलाई भने इटुडब्लुको प्रधान कार्यालय कतारको दोहामा रहेको बताइएको थियो ।

नेपालस्थित कार्यालयका प्रमुख प्रकाश केसी हुन् । उनी प्युठानको धर्मावती-५ का हुन् । प्रकाशले पीडितहरूसमक्ष आफूलाई संस्थाका सिइओ आकाश शर्माले फसाएको बताउने गरेका थिए । आकाश सबै काम भारतबाटै गर्थे । अर्का सिइओ भनिएका गोरखा पालुङटार-४ का अनिल परियार पनि भारतको आधार कार्ड लिएर उतै बस्दै आएका छन् । इटुडब्लुबाट ठगिएकाहरू कतिपय साउदी अरब, कतारजस्ता देशमा पुगेका छन् । उनीहरूमार्फत जानकारी लिँदा कतारमा पनि उक्त नाम गरेको कम्पनी बन्द भएर अर्को नाममा खुलेको भन्ने जानकारी पाएको पीडित बताउँछन् ।

■■■

## देउवाको ...

त्यसको समीक्षा हुन्छ र अहिले दल फुटाउने विधेयकको चर्चा छ । हामी हेर्दै छौं ।'

राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ को व्यवस्था लामो समयदेखि निस्क्रिय छ । यो दफामा राजनीतिक दल विभाजनसम्बन्धी व्यवस्था छ । यसकै उपदफा २ मा कुनै पनि दलको केन्द्रीय सदस्य र संघीय सांसदको ४० प्रतिशत सदस्य भएमा अर्को दल गठन गर्न सक्ने व्यवस्था छ । यसमा 'र' को सट्टा वा राख्नेगरी संशोधन विधेयक अघि बढाउने हुनसक्ने महतले बताए । यसबाहेक विभाजित भएर बनेको दल फेरि विभाजनमा जान पाँच वर्ष अवधि चाहिने व्यवस्था पनि हटाउनेगरी विधेयक अघि बढ्न सक्ने बताए । 'केन्द्रीय समिति र संघीय सांसद भन्नेमा वा र विभाजित भएर बनेको दलको हकमा विभाजनको अवधि हटाएर विधेयक अघि बढाउने हुन सक्छ,' उनले भने ।

२०७८ मा प्रधानमन्त्री शेरबहादुर देउवा भएका बेला एमालेलाई विभाजन गर्न केन्द्रीय समिति र संघीय सांसद भन्नेमा २० प्रतिशतको व्यवस्था राखेर अध्यादेश ल्याइएको थियो । सोही अध्यादेशको आधारमा एमालेबाट माधवकुमार नेपाल, झलनाथ खनाललगायत बाहिरिए । एकीकृत समाजवादी गठन गरे । अहिले भने केन्द्रीय समिति वा संघीय सांसदमध्ये एकमा ४० प्रतिशतको व्यवस्था राख्ने पक्षमा सरकार देखिएको छ ।

यहीबीच सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जसरी पनि अध्यादेश स्वीकृत हुने दाबी गरेका छन् । उनले अध्यादेशहरू राष्ट्र हितलाई केन्द्रमा राखेर सरकारले ल्याएको बताए ।

पोखरास्थित हिमालय आँखा अस्पतालको ३२औं वार्षिकोत्सवको शनिबार उद्घाटन गर्दै उनले भने, 'सरकारले राम्रो काम गर्नका लागि ल्याएका सबै अध्यादेश संघीय सदनका दुवै सदनबाट पारित हुन्छन् भन्नेमा म विश्वस्त छु । किनभने, हामी सबैलाई आखिर चाहिएको जनताको हित नै त हो ।'

अध्यादेशलाई माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी र जनमोर्चाले अस्वीकार गरेका छन् । जसपा नेपाल र लोसपाले भूमिसम्बन्धी अध्यादेशलाई मात्रै अस्वीकार गरेका छन् । बाँकी पाँचवटा अध्यादेशलाई भने आलोचनासहित समर्थन गर्ने प्रस्ट पारेका छन् । जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश फिर्तीको माग गरेको छ । यदि, फिर्ता नगरे बाँकी पाँचवटा अध्यादेशको पनि विपक्षमा उभिने चेतावनी दिएको छ । यस्तो बेला जसपा नेपाल, लोसपालगायतलाई दबाबमा राख्ने रणनीति साथ सरकारले दल विभाजन खुकुलो पार्नेगरीको प्रावधान संशोधन गरेर विधेयक अघि बढाउने चाहेको देखिएको छ ।

■■■

## 'नो कोसी'...

प्रदेशको नाम कोसी राख्नुअघि पहिचान पक्षधरहरू खबरदारी आन्दोलनमा थिए । प्रदेश राजधानी रहेको विराटनगर केन्द्रित आन्दोलन गरेका थिए । मोरङ प्रशासनले निषेधाज्ञा नै जारी गर्नुपरेको थियो ।

प्रदेशका जिल्लाहरूमा कोसी नाममा मतदान गर्ने ८२ जना सांसदसँगै एमाले अध्यक्षसमेत रहेका हालका प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन उपाध्यक्ष सुवास नेम्बाङ र सचिव योगेश भट्टराई पहिचान पक्षधर हरूको निशानामा परे । कतै मोसो दल्ने त कतै कालो झण्डा देखाउनेसँगै ढुंगामुढासम्मको स्थिति आयो । नेम्बाङले निधन हुनुभन्दा अघिल्लो दिन धरानमा पहिचान पक्षधरहरूलक्षित कडा टिप्पणी गर्दै भनेका थिए, 'पहिचानको ढुंगा साह्रै कडा हुँदोरहेछ ।'

त्यसबेला कोसी नाम लेखेको सरकारी कार्यालयका बोर्डहरू मात्रै होइन, लेटरप्याडहरू जलाउने काम पहिचान पक्षधरहरूले गरेका थिए । मुख्यमन्त्री र मन्त्रीहरूको गाडी तोडफोड भयो । यसरी प्रदेश पूरै अशान्त भयो । त्यहीबीच केदार कार्की मुख्यमन्त्री हुँदा उनले तत्कालीन मन्त्री कमल जबेगूको संयोजकत्वमा सरकारी वार्ता टोली गठन गरे । उक्त वार्ता टोलीले पहिचान पक्षधरसँग वार्ता गरेको थियो । तर, वार्तापछि पक्राउ परेका केही आन्दोलनकारी र उनीहरूको मुद्दा फिर्ता भयो ।

कोसी नाम कायमै रह्यो । त्यसैबेला हो, चलाखीपूर्वक कांग्रेसका १४ वटै जिल्ला सभापतिहरूले विज्ञप्ति जारी गर्दै प्रदेशको नाम पहिचानका आधारमा राख्नुपर्ने मत अघि सारे । माओवादीले पनि त्यही मत राख्यो । प्रदेश नाम राख्न दुईतिहाइ बहुमत पुऱ्याउने मद्दत पुऱ्याउने भने यी दुई दल थिए ।

कांग्रेसका केदार कार्कीको सरकार ढलेपछि एमालेका हिक्मत कार्की फेरि मुख्यमन्त्री भए । उनले गत वर्ष आर्थिक मामिला तथा योजनामन्त्री राम रानाको संयोजकत्वमा अर्को वार्ता टोली गठन गरे । उक्त वार्ता टोलीले आन्दोलनरत पहिचान पक्षधरहरूसँग संवाद नै गरेको छैन । मन्त्री रानाले भने, 'वार्ताको कोसिस भइरहेको छ । अब हुन्छ ।' उसो त पहिचान पक्षधरहरूले साझा नाम अघि सार्न सकेका छैनन् । उनीहरू स्वयं नाममा विभाजित छन् । चर्चामा रहेको नाम भने किरात, किरात-लिम्बुवान, लिम्बुवान हुन् । यीमध्ये एउटा नाम सहमति जुटाउन उनीहरू अक्षम देखिएका छन् ।

फेरि, आन्दोलन जारी छँदै गत वर्षको १५ वैशाखमा इलाम-२ मा भएको उपचुनावमा पहिचान पक्षधरहरू केन्द्रित भए । किरात धार्मिक अभियन्ता तथा पूर्वशिक्षक डकेन्द्रसिंह थेगिमलाई उम्मेदवार बनाए । उनले ११ हजारभन्दा बढी मत प्राप्त गरे ।

उपचुनावको तीन महिनापछि मध्य साउनमा धरानमा गोरुको मासु खाएको काण्ड बाहिरियो । राजनीतिक विश्लेषक भवानी बराल नो कोसी आन्दोलनलाई छायामा पारेको यो प्रकरणले भएको बताउँछन् । झण्डै साम्प्रदायिक हिंसा भड्किएको धरानकाण्ड नियन्त्रणमा लिन स्थानीय प्रशासनले निषेधाज्ञा जारी गर्नुपरेको थियो ।

यसपछि गत वर्षको अन्तिमतिरदेखि पहिचान पक्षधरहरू ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा)मा केबलकार खारेजीको पक्षमा आन्दोलित भए । आन्दोनलकै क्रममा गत ८ माघमा आन्दोलनमा तनाव भयो । १२ माघमा गोली नै चल्यो । अझैसम्म आन्दोलन भइरहेको छ । यसरी उपचुनाव, धरानकाण्ड हुँदै केबलकार खारेजीको आन्दोलनमा होमिँदा पहिचान पक्षधरहरूको बेवास्तामा नो कोसी आन्दोलन परेको विश्लेषक बराल बताउँछन् ।


**प्रमाणपत्र हराएको सूचना**

मिति २०८०/१२/०२ गते कलंकीदेखि कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Mithilesh Kumar Mandal
रजिस्ट्रेसन.नं.: 622749075
सिम्बोल नं.: 246235
कलेज नाम.: Ambition Academy
ठेगाना: Ekdara-03, Mahottari, Nepal
सम्पर्क: 9841067992



**हुलास स्टील ईण्डष्ट्रिज लिमिटेड**
रजिष्टर्ड अफिस: गोल्छा हाउस, गणबहाल, काठमाण्डौ
फोन नं. ५३५०७७२, E-mail:ktm@golchha.com
का शेयरधनीहरुलाई

**हकप्रद शेयरको निष्काशन सम्बधि सूचना**

मिति २०८०।११।०९ गते सम्पन्न यस कम्पनीको वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव अनुसार मिति २०७९।०९।२८ गते सम्म कम्पनीको शेयर दर्ता किताबमा दर्ता रहेका शेयरधनीहरुका लागी एकसय कित्ता बराबर बाईस दशमलव अठार शुन्य शुन्य एक दुई नौ (१००:२२.१८००१२९) को अनुपातमा प्रति कित्ता शेयर रु.१००/- अंकित दरको १७,१२,००६ कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्रि खुल्ला यहि मिति २०८१।११।१८ गते देखि मिति २०८१।१२।०३ गते सम्म गरिने हुंदा सम्बन्धित सबै शेयरधनीहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। हकप्रद शेयर खरिद गर्न अनिच्छुक शेयरधनीले कम्पनीका बहालवाला अन्य शेयरधनीलाई आफ्नो हकहस्तान्तरण गर्न सक्नु हुनेछ । हकप्रद शेयर खरिदका लागी दरखास्त फारम कम्पनीको रजिष्टर्ड कार्यालयबाट उपलब्ध हुनेछ । दरखास्त साथ आफुले आवेदन गरेको कुल शेयरको हुने रकम हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको एभरेष्ट बैंक लिमिटेड, टेकु शाखा स्थित चल्ति खाता नं.०१०००१०५०००९४१ मा जम्मा गरी सो को सक्कल भाउचर वा 'क" वर्गको बैंकबाट जारी ड्राफ्ट संलग्न गरी शेयर खरिदको निवेदन साथ पेश गर्नु पर्नेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

प्रकाशित मिति :२०८१/११/१८ गते

उपरोक्त विषयमा यस आ.व २०८१/०८२ मा प्रदेश सरकारको समपुरक अनुदान पूंजिगत खर्च शीर्षकबाट प्राप्त बजेटअनुसार यस खाडाँचक्र नगरपालिकाअन्तर्गत विभिन्न वडाहरूमा भौतिक निर्माण कार्यका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना मिति २०८१/०९/२३ गते राजधानी दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार तल उल्लेखित ठेक्काका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मूल्याङकन समितिले मूल्याङकन गर्दा निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित र सारभूतरूपमा प्रभावग्राही भै स्वीकृतको लागि पेश भएकोले सार्वजानिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरूको नाम | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|
| KM/KKT/BARCP/ NCB/W/ 01/2081/082 | Bhalchara-Aunlakandh Road Construction Project Khandachakra Municipality-08, Kalikot | श्री खड्का निर्माण सेवा खाँडाचक्र २, कालिकोट | ३,००४,५११.७५ |
| KM/KKT/MBJRCP/ NCB/W/ 02/2081/082 | Manma -Badalkot-Jimjedi Road Construction Project Khandachakra Municipality-11, Kalikot | श्री मान शाही निर्माण सेवा खाँडाचक्र १, कालिकोट | ३,७०६,००५.७५ |
| KM/KKT/ BMKRCP/ NCB/W/ 03/2081/082 | Ballekandha -Made Khola Road Construction Project Khandachakra Municipality-04, Kalikot | श्री कालिका एण्ड महेन्द्र निर्माण सेवा प्रा.लि.खाँडाचक्र ४, कालिकोट | ६,५६९,०२१.२६ |

**नि.प्रमुख प्रशासकीय अधिकृत**



**Nepal Water Supply Corporation**
**Branch Office, Bhadrapur**

**Invitation for Electronic Sealed Quotations**

**Date of Publication 2081/11/18**

Nepal Water Supply Corporation (NWSC), Branch Office , Bhadrapur invites Electronic Sealed Quotations from eligible bidders/suppliers for following Works.

| S. N. | Contract No: | Description of Works | Total Estimated Amount (without VAT) | Bid security Amount | Bid document fee(NRs.) | Last Bid submission date | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | NWSC-BDP-02-2081/082 | Supply, and Delivery of HDPE Pipe | 1046342.00 | 30000.00 | 1000.00 | 2081/12/04 (12:00 PM) | 2081/12/04 (2:00 PM) |
| 2 | NWSC-BDP-03-2081/082 | Laying and Jointing of HDPE pipe | 1757604.00 | 50000.00 | 1000.00 | 2081/12/04 (12:00 PM) | 2081/12/04 (2:00 PM) |

Bank A/C detail
- Account name: Nepal Water Supply corporation, Bhadrapur Branch
- Bank Address: Rastiya Banijaya Bank, Bhadrapur Branch,Jhapa
- A/C no : 2210100006531001 (For Bid security Amount & Bid document Fee)

**The detail notice can be accessed from www.bolpatra.gov.np/egp**



**सिरीजङ्घा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेल्लोक, ताप्लेजुङ**

**बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना**

**सूचना प्रकाशित मिति: २०८१/११/१८**

यस कार्यालयबाट तपसिलमा उल्लिखित ठेक्का सम्वन्धी सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भए अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताब सारभूतरूपमा प्रभाबग्राही देखिएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण | ठेक्का नं. | ठेक्का प्रकाशित मिति | बोलपत्र खोलिएको मिति | सारभूत रूपमा प्रभावग्राही भएको बोलपत्रदाताको नाम | बोलपत्र दाताले कबोल गरेको रकम (भ्याट तथा फि एस सहित) | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | Construction of Two (2) Bhawan Aayojana at Different Location Within Sirijangha Rural Municipality, Ward No. 2, Taplejung | NCB/Works/ Buildings/ SRM/ 08/2081/082 | २०८१/०९/२३ | २०८१/१०/३० | श्री मन्त्रे निर्माण सेवा, ताप्लेजुङ । | रू. २१,९४,११८।१० | |
| २ | Construction of Two (2) Roads Aayojana at Different Location Within Sirijangha Rural Municipality, Ward No.6, Mamankhe, Taplejung | NCB/Works/ Roads/SRM/ 11/2081/082 | २०८१/०९/२४ | २०८१/१०/२५ | श्री प्रिन्सा निर्माण सेवा, मोरङ । | रू. ४४,२९,८१२।१२ | |

**प्रमुख प्रशासकीय अधिकृत**



**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**अर्घाखाँची अस्पताल**
**सन्धिखर्क, अर्घाखाँची**

**सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/१८ गते**

यस अर्घाखाँची अस्पताल, अर्घाखाँचीको लागि स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृत अस्थायी दरबन्दी करार अन्तर्गतका तपसिल बमोजिमका पदहरूमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित), २०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले **१५ दिन** भित्र रित पूर्वक दरखास्तपेश गर्नुहुन सबैको जानकारीको लागि योसूचना प्रकाशन गरिएकोछ । रित नपुगेका दरखास्त उपर कुनै कारबाही हुने छैन ।

| क्र.सं | विज्ञापन नम्बर | पद | तह/श्रेणी | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८१-८२ | कन्सल्टेन्ट अब्स्टेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उतिर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता/नवीकरण भएको | १ | |
| २ | ०२/०८१-८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौं | | १ | |
| ३ | ०३/०८१-८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौं | | १ | |

- **दरखास्त फाराम बुझाउने विधि र स्थान** : यस अस्पतालको प्रशासन शाखामा दरखास्त फाराम उपलब्ध हुनेछ वा स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशको **वेवसाईटः mohp.lumbini.gov.np** मार्फत डाउनलोड गरि दरखास्त फाराम साथ संलग्न गर्नु पर्ने कागजातहरू सहित यस अस्पतालमा दरखास्त पेश गर्नुपर्नेछ । **स्थानः** अर्घाखाँची अस्पताल ।
- **दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरू** : उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरूको पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा फारमको ढाँचामा सम्पूर्ण बिबरणहरू भरी हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो सहित पेश गर्नुपर्ने छ ।
- **दरखास्त दस्तुर** : नवौं तहको लागि रु. १२००/- (बाह्र सय मात्र) ।
- **दरखास्त दिने अन्तिम मिति** : २०८१/१२/०३ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म ।
- **छनौटको आधार र प्रक्रियाः** संक्षिप्त सूचि र अन्तर्वाता (सन्क्षिप्त सुचिमा परेकालाई अन्तर्वार्ताको लागिछनोट गरिनेछ) ।
- **सम्पर्क मिति र स्थान** : दरखास्त पेश गर्ने अन्तिम मितिको भोलि पल्टास्थानः अर्घाखाँची अस्पताल ।
- **उम्मेदवारको उमेरको हद** : २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
- **पदमा रही गर्नुपर्ने कामको विवरण** : सेवा, समूह सम्बन्धि ।
- **तलब** : नेपाल सरकारको प्रचलित स्केल बमोजिम ।
- अन्तरवार्ताको सूचना पछी प्रकाशन गरिनेछ ।

**नोट** : सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पतालको प्रशासन शाखा (**सम्पर्क नं ०७७४२०१८८**) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**डा.जगन्नाथ तिवारी**
**अस्पताल प्रमुख**

# लागुऔषधविरुद्धको महाअभियान सुरु

■ विविशा पौडेल




**काठमाडौं–** काठमाडौं उपत्यका प्रहरी कार्यालयले 'लागुऔषधविरूद्धको महाअभियान' सुरु गरेको छ। शनिबार एक समारोहबीच गृहमन्त्री रमेश लेखकले उक्त अभियानको शुभारम्भ गरे ।

प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा आयोजित समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले लागुऔषध दुर्व्यसन, सडक दुर्घटना, आत्महत्या, सामाजिक सञ्जालको दुरूपयोगजस्ता विषय वर्तमान समाजका मुख्य चुनौती बनेको बताए। यो समस्या समाधानका लागि सरकारको तर्फबाट नीतिगत र कानुनी सुधारका लागि गम्भीर पहल भइरहेको उनले जानकारी दिए । 'लागुऔषध दुर्व्यसन हाम्रो समाजको एउटा गम्भीर समस्या हो, जसले युवा पुस्तालाई नकारात्मक दिशामा धकेलिरहेको छ,' गृहमन्त्री लेखकले भने, 'यसलाई नियन्त्रण गर्न सरकार, प्रहरी प्रशासन र स्थानीय तहले समन्वयात्मकरूपमा काम गर्न आवश्यक छ ।'

उनले लागुऔषध व्यक्ति, परिवार हुँदै समाजकै लागि घातक रूपमा देखापरिरहेको बताए । यसले व्यक्तिलाई मात्र नभई समग्र समाजलाई खोक्रो बनाउँदै लगेकोसमेत उनले बताए । 'लागुऔषध सरकार र प्रहरीको मात्रै विषयवस्तु होइन, यो समग्र समाजकै चिन्ताको विषय भइसकेको छ । लागुऔषध प्रयोगकर्ताको जीवन समाप्तितर्फ गएकै छ । समग्र परिवार नै चिन्ता र पीडामा जान्छ । यसले अरू अपराधको पनि वृद्धि गरेको छ,' गृहमन्त्री लेखकले भने ।

लागुऔषधविरूद्धको महाअभियान देशव्यापीरूपमा चलाउन जरूरी रहेको उनले बताए । 'महाअभियानलाई प्रत्येक जिल्ला, पालिका र टोल, विद्यालय तथा क्याम्पससम्म जोड्नुपर्छ,' उनले भने, 'जुन ढंगले लागुऔषधको ओसारपसार, भण्डारण र प्रयोग भइरहेको छ । त्यसले आगामी १०-१५ वर्षमा भयाभह स्थिति ल्याउने अवस्था देखिरहको छु ।'

गृहमन्त्री लेखकले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका कानुनी संरचनालाई थप प्रभावकारी बनाउन ऐन संशोधनका लागि विधेयक संसद्मा दर्ता भइसकेको जानकारी दिए । साथै, नागरिकतासम्बन्धी विधेयक संसद्मा छलफलको क्रममा रहेको र अध्यागमन ऐनलाई समेत अद्यावधिक गर्न सरकार प्रतिबद्ध रहेको बताए । लागुऔषध नियन्त्रणलाई प्राथमिकताका साथ अगाडि बढाउन गृह मन्त्रालय तत्पर रहेको लेखकको भनाइ छ ।

गृहसचिव गोकर्णमणि दुवाडीले लागुऔषध कारोबारलाई रोक्न यो अभियानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले लागुऔषध दुर्व्यसन नेपालमा दिनप्रतिदिन गहिरिँदो समस्याका रूपमा देखिएको बताए। यसका मुख्य कारणहरू बेरोजगारी, पारिवारिक विखण्डन, सामाजिक प्रभाव, मानसिक तनावजस्ता समस्या रहेको उनले उल्लेख गरे । 'नेपालमा हजारौं युवा लागुऔषधको दुर्व्यसनमा फसेका छन्, जसले उनीहरूको व्यक्तिगत जीवनमात्र नभई परिवार र समाजलाई समेत असर पुऱ्याइरहेको छ,' प्रहरी महानिरीक्षक कुँवरले भने । लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि शिक्षालयहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी र अध्यागमन विभागलाई प्रविधियुक्त बनाउने काम भइरहेको उनले बताए ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेकबहादुर तामाङले लागुऔषध नियन्त्रणका लागि समुदायस्तरमै सचेतना अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले लागुऔषध दुर्व्यवसनको तथ्यांक दिनानुदिन बढ्दै गइरहेको वर्तमान अवस्थामा समाजका हरेक सरोकारवाला पक्षहरूको एउटै संयन्त्र बनाएर अगाडि बढ्ने आवश्यकतालाई बोध गरी सवल र सशक्त अभियानको औचित्यका रूपमा महाअभियान सुरु गरिएको बताए ।

'लागुऔषध कारोबारलाई जरैबाट निर्मूल पार्न प्रहरी उच्च सतर्कताका साथ क्रियाशील छ । हामीले विभिन्न अभियान सञ्चालन गरिरहेका छौं, जसअन्तर्गत विद्यालयस्तरमा सचेतना कार्यक्रम, प्रभावित व्यक्तिहरूलाई पुनःस्थापना केन्द्रसम्म पुऱ्याउने पहल, तस्करी रोकथामका लागि सघन अनुगमन र कडाइ गरिएको छ,' प्रहरी अतिरिक्त महानिरीक्षक तामाङले भने । उनले यो कानुनीमात्र नभएर सामाजिक समस्या रहेकोले परिवार, शैक्षिक संस्था, नागरिक समाज र सरकार सबैले मिलेर काम गर्नुपर्ने धारणा राखे ।

काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले लागुऔषध नियन्त्रणका लागि महानगरबाट विशेष योजना ल्याउने प्रतिबद्धता व्यक्त गरिन् । 'युवाहरू लागुऔषधको चंगुलमा फस्नुको मुख्य कारण साथीहरूको लहैलहैमा लागेर, बेरोजगारी, मानसिक तनाव र पारिवारिक समस्या हुन् । यसलाई समाधान गर्न समुदायस्तरमै विभिन्न कार्यक्रम सञ्चालन गरिनुपर्छ,' डंगोलले भनिन्, 'महानगरले पुनःस्थापना केन्द्रहरूसँग सहकार्य गर्दै प्रभावित व्यक्तिहरूको पुनःस्थापना सुनिश्चित गर्ने छ ।'

साथै, विद्यालय र कलेज तहका विद्यार्थीलाई सचेत बनाउन विशेष कार्यक्रम आवश्यक भएको उनले औंल्याइन् । लागुऔषध कारोबार बन्द गर्नेमात्र होइन, प्रयोगकर्तालाई समेत उचित मनोवैज्ञानिक परामर्श प्रदान गर्नुपर्नेमा उपप्रमुख डंगोलले जोड दिइन् । महानगरले यस क्षेत्रमा कार्य गर्न सहयोग गर्ने उनले प्रतिबद्धता जनाइन् । कार्यक्रममा सहभागीहरूले नेपाल प्रहरीलाई लागुऔषध नियन्त्रणको जिम्मेवारी अझ प्रभावकारी बनाउन आवश्यक स्रोतसाधन उपलब्ध गराउनुपर्नेमा जोड दिए । महाअभियानले समाजमा सकारात्मक परिवर्तन ल्याउने आशासमेत उनीहरूले व्यक्त गरेका छन् ।

## परिक्रमाका यात्रीको स्वागतका लागि सार्वजनिक बिदा

**महोत्तरी–** मिथिलाको महाकुम्भ भनिने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको स्वागत र परिक्रमा मेलामा सहभागिताका लागि मटिहानी नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक बिदा दिने भएको छ । नगरमा आज आइतबारका लागि सार्वजनिक बिदा दिइएको हो ।

मिथिला माध्यमिकी परिक्रमा यस भेगको सांस्कृतिक तथा धार्मिक उत्सव भएको हुँदा आफ्नो ठाउँमा आइपुग्ने यात्री र अतिथिको स्वागतमा सबैको सहभागिता हुन सकोस् भन्ने ध्येयले सार्वजनिक बिदा दिँदै आइएको नगरप्रमुख हरिप्रसाद मण्डलको भनाइ छ । मिथिला माध्यमिकी परिक्रमाको 'डोला' (श्रीराम सीताको प्रतिमा राखिएका डोली) साथ यस यात्राका सहभागी यात्री आइतबार मटिहानी आइपुग्दै छन् । यात्राको चौथो दिन 'डोला' मटिहानी आइपुग्ने मिथिलाको स्थापित परम्परा हो । मटिहानी परिक्रमा महोत्तरी प्रवेश गर्ने द्वार पनि हो । मटिहानीसँगै लगातार पाँच रात परिक्रमा यात्रीले जिल्लामा बिताउने छन् ।

महोत्तरीमा माध्यमिकी परिक्रमा यात्राको चौथो, पाँचौं, छैटौं, सातौं र आठौं दिन क्रमशः मटिहानी, जलेश्वर, मडै (महोत्तरी गाउँपालिका), ध्रुवकुण्ड (बलवा नगरपालिका) र कञ्चनवन (भंगाहा नगरपालिका) मा रात्रिबासको परम्परा छ । श्रीराम र सीताका प्रतिमा राखिएका 'डोला'साथ यात्री पडावस्थल (पारम्परिक रात्रि विश्रामस्थल) पुगेपछि सो दिन ती ठाउँमा परिक्रमा मेलाको परम्परा रहँदै आएको छ । *रासस*

## सुरू भयो इस्लाम धर्मावलम्बीको रमजान

**काठमाडौं (प्रस)–** इस्लाम धर्मावलम्बीहरूको महान् पर्व रमजान मुबारक महिना आजदेखि सुरु भएको छ । एक महिनासम्म चल्ने यो पर्वमा मुसलमानहरू दिनमा निराहार बस्छन् । रोजा बस्न मुसलमानहरूको उर्दू क्यालेण्डरअनुसार सूर्योदयभन्दा पहिले अर्थात् बिहानको नमाज पढ्नुअगावै केही खानेकुरा खाई प्रारम्भ हुने रोजा बेलुकाको नमाज (मगरिब)को आजान सुनेर खोल्ने चलन छ ।

निराहार बस्नुलाई रोजा भनिन्छ । रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ । रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन् ।

उर्दू क्यालेण्डरअनुसार हिजरी संवत्को रमजान महिना नवौं महिना हो । रमजान महिनामा नै मुसलमानहरूको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महिनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास लिइएको छ । दान दिनु गरिब र दीनदुःखीको सेवा गर्नु, जकात निकाल्नु यो महिनाको विशेषता हो । मुसलमानहरूले शनिबार साँझ चन्द्रमा हेरेर व्रत सुरु गरेका छन् । शरीरलाई चोखो राखेरमात्र रोजा बस्नुपर्ने मान्यता छ । त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमानहरू रोजा बस्नुलाई गर्व मान्दछन् । नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवतीलाई रोजा बस्न अनिवार्य छैन ।


**प्रदेश सरकार**
**सूदुरपश्चिम प्रदेश**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय**

**धनगढी, कैलाली**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/११/१८)**

यस भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय धनगढी, कैलालीको कार्य क्षेत्र अन्तर्गत कंचनपूर, कैलाली जिल्लाको विभिन्न स्थानहरूमा भूमिगत सिचाई सम्बन्धि निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम बाट गर्न ठेक्का नं. GWRIDDO/PDW/NCB/21/2081-082, GWRIDDO/PDW/NCB/24/2081-082 र GWRIDDO/PH-DS-ELE-P/NCB/25/2081-082 देखि GWRIDDO/PH-DS-ELE-P/NCB/28/2081-082 सम्मका सिलबन्दी बोलपत्रहरूको लागि मिति २०८१-११-१८ गते www.bolpatra.gov.np/egp मा सूचना आह्वान गरिएको छ ।

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८१/१२/१९ गते दिनको १२।०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८१/१२/१९ गते दिनको २।०० बजे |

सिलबन्दी बोलपत्र पेश गर्ने तरिका : विद्युतिय माध्यमबाट मात्र (Electronic Submission Only)
विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**कार्यालय प्रमुख**



**Province Government**
**Ministry of Tourism, Forests and Environment**
**Forest Directorate**
**Division Forest Office, Bhojpur**
Koshi Province, Nepal

**Re-Invitation for Sealed Quotation**

**Second Date of publication: 2 March 2025 (2081/11/18)**

1. Division Forest Office, Bhojpur invites seal bids for following Works as given in table below:

| S.N. | Contract No. | Description of work | Estimated Amount Exclusive VAT (NPR) | Bid Security Amount (NPR) | Bid/Bid security Validity Period | Cost of Bid Document (NPR) | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | DFO/BJP/W/SQ/ 01-2081/082 | Residential Building Repair and Upgrading Works | 11,49,439.27 | 33,000 | 45/75 days | 1000 | 18th Mar 2025 (2081/12/05) 12:00 | 18th Mar 2025 (2081/12/05) 13:00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Division Forest Office, Bhojpur, Phone: 029420134 and Email: dfobhojpur134@gmail.com.
3. Bidder's Information to deposit the cost of bids document in bank:
**Name of Bank:** Rastriya Banijya Bank Ltd., Bhojpur,
**Name of Office:** Division Forest Office, Bhojpur
**Office A/C No.:** 1000100200010000 (For Bid Document)
**Office A/c No.:** (kha 2-3 pradesh dharauti khata): 2040100202030000 (For Bid Security)
**Office Code no:** 3290107011
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Divisional Forest Officer**



**धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/११/१८ गते

यस माछापुच्छ्रे बैंक लि. इटहरी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०५/२० गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुनः गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

**नाम : नुतन कुमार धामि**
ना.प्र.नं. ८७७/१५६७, जि.प्र.का. सुनसरी, जारी मिति : २०४२/०७/१५
बाबु : संखु धामी, बाजे : मनाइ धामी
ठेगाना : सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६, हाल : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. रमा राज धामी**<br>ना.प्र.नं. १९०७, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०४५/११/१२<br>बाबु : फनिलाल राजधामी<br>पति : नुतन कुमार धामी, ससुरा : संखु धामी<br>ठेगाना : सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६<br>हाल : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४ | **२. राम कुमारी चौधरी धामी**<br>ना.प्र.नं. ०६-०१-७०-०५६८२, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०७०/०५/१३<br>बाबु : नागेश्वर चौधरी<br>पति : शेखर धामी, ससुरा : नुतन कुमार धामि<br>ठेगाना : सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६<br>हाल : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४ |
| **३. जिवन कुमार धामी**<br>ना.प्र.नं. ०६१०३२/१६५७१२, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०६८/०२/३१<br>बाबु : नुतन कुमार धामि, बाजे : संखु धामी<br>ठेगाना : सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६<br>हाल : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४ | **४. शेखर धामी**<br>ना.प्र.नं. ०६१०३२/१२१२६८, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०६४/०३/३१<br>बाबु : नुतन कुमार धामि, बाजे : संखु धामी<br>ठेगाना : सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६<br>हाल : सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

मनाइ धामीको नाति, संखु धामीको छोरा, सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ४ बस्ने नुतन कुमार धामिको नाममा मालपोत कार्यालय, ईनरुवा सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, भरौल गा.वि.स. वडा नं. ६ ङ स्थित कित्ता नं. १९६ को क्षेत्रफल ०-५-३-० (बि.क.धु.क.) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/"क" वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| **बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :** | **बोलपत्र खोलिने मिति, समय र स्थान :** |
|---|---|
| २०८१/१२/०३ आइतबार कार्यालय समय सम्म<br>शाखा कार्यालय, इटहरी | २०८१/१२/०४ सोमबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, इटहरी |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय इटहरी

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### महत्त्वाकांक्षी होइन कार्यान्वयनमुखी बजेट बनाऊ

**सरकार यतिबेला आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणमा जुटेको छ । अर्थ मन्त्रालयले बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालको संयोजकत्वमा पाँच सदस्यीय बजेट मस्यौदा लेखन समिति गठन गरेर बजेट लेखनको जिम्मेवारी दिएसँगै बजेट तयारीको कामले तीव्रता पाउने भएको छ । मन्त्रालयले बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी बजेट लेखन थालेको छ । राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको मन्त्रालयले जनाएको छ । यसपटक १९ खर्बको बजेट सिलिङ तोकिएको बताइएको छ ।**

**आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरूले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन पाइसकेका छन् । मन्त्रालयहरूले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरूको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।**
**बजेटमा समावेश गर्नुपर्ने विषयहरूमा सार्वजनिक सूचना जारी गरी सुझाव संकलन गर्ने काम आगामी चैत १५ गतेदेखि २०८२ वैशाख १० गतेभित्र टुंग्याउने गरी कार्यतालिका बनाइएको छ ।**

**आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्ने छ । त्यस्तै, अर्थमन्त्रीले जेठ १० गते राष्ट्रपतिसमक्ष बजेट 'बिफ्रिङ' गर्ने कार्यतालिका छ । बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रूप दिइ जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिने छ । जेठ १५ गते संघीय संसद्को संयुक्त सदनमा आगामी आर्थिक वर्षको बजेट पेस हुने छ ।**

**प्रत्येक वर्षजस्तै यो वर्ष पनि सरकारले महत्त्वाकांक्षी योजना समावेश गरेर बजेट ल्याउने निश्चित छ । बजेटको आकार प्रत्येक वर्ष बढाउने र अर्धवार्षिक समीक्षामा घटाउने प्रवृत्ति निरन्तर दोहोरिँदै आएको छ । चालु आवमा पनि यो चल्यो । फेरि आगामी आवमा १९ खर्बको बजेट ल्याउने तयारीले उही प्रवृत्ति प्रश्रय पाउने संकेत गरेको छ । मुलुकलाई समृद्धि बनाउने नारा दलहरूको जनतालाई लोभ्याउनेबाहेक व्यवहारमा देखिएको छैन । बजेटमा समृद्धिको नारालाई जति मिठोसँग घुसाइन्छ कार्यान्वयनमा अति कमजोर बन्दै आएको छ सरकार । जुनसुकै दलको नेतृत्वमा बनेको सरकार पनि उही गतिमा चलेको छ । अहिले संसद्को पहिलो र दोस्रो दलले सरकार चलाइरहेको अवस्थामा झनै महत्त्वाकांक्षी बजेट आउने अनुमान छ । तर यो मुलुकलाई समृद्धितर्फ डोर्‍याेउने बजेट हुने छैन । अहिले महत्त्वाकांक्षी नारा र कार्यक्रम होइन, कार्यान्वयनमुखी व्यावहारिक बजेट चाहिएको छ । यसतर्फ बजेट निर्माताहरूको ध्यान जाओस् ।**

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

#### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरू

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।

# नेपालमा घरेलु तथा साना उद्योगको आवश्यकता र समस्या



गम्भीरबहादुर हाडा

> नेपालको आर्थिक विकासमा कृषि व्यवसायपछि रोजगारीमा प्रत्यक्ष अवसर प्रदान गर्ने, जनजीवनमा आयको अभिवृद्धि गर्नमा ठोस योगदान प्रदान गर्न घरेलु तथा साना उद्योगहरूको महत्त्वपूर्ण स्थान रहेको छ । इतिहासको प्रारम्भिक अवस्थादेखि नै यहाँ कुनै न कुनै रूपले घरेलु उद्योगहरु सञ्चालन गरी आवश्यक वस्तुहरूको उत्पादन गरेको पाइन्छ । जनताको क्रयशक्ति मकजोर रहेको आन्तरिक बजार र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको कारणले गर्दा नेपालमा ठूला उद्योगहरु स्थापना गर्ने सम्भाव्यता ज्यादै सीमित देखिन्छ । अतः राष्ट्रिय हितलाई कायम राखी सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न घरेलु तथा साना उद्योगहरूको विकासतर्फ एक ठोस कार्ययोजना अविलम्ब आवश्यक हुन गएको छ ।

घरेलु उद्योग भन्नाले घरघरमा सञ्चालन गर्ने उद्योगलाई बुझाउँछ । यसको साथै नेपालको ग्रामीण क्षेत्रमा खेर गइरहेको स्थानीय कच्चा सामानहरूलाई परम्परागत रूपमा प्रयोग गरी कृषिबाट फुर्सद हुने समयमा आफ्नो परिवारका सदस्यहरूको श्रमबाट पारिवारिक आवश्यक पूर्तिका लागि गर्ने व्यवसायलाई घरेलु उद्योग भनिन्छ । घरेलु तथा साना उद्योगअन्तर्गत उनी तथा सुती कपडा उद्योग, घरेलु कागज उद्योग, घरेलु धातु उद्योग, काष्ठ उद्योग, बिडी उद्योग, माटोका सामग्री उत्पादन गर्ने उद्योग, दुग्ध उद्योग, बाँस-बेतसम्बन्धी उद्योग, धान कुट्ने, तेल र उखु पेल्ने उद्योग र घरेलु छाला उद्योगसमेत पर्ने गर्दछन् ।

ग्रामीण औद्योगिकीकरणभित्र हामीले कृषिमा आधारित विशेष उद्योग जस्तैः पशुपालन, कुखुरापालन, मत्स्यपालन, मौरीपालन, रेशम खेती, दुग्धशाला आदि उद्योगलाई सम्मिलित गर्न सकिन्छ । अक्सर गरेर कुटी र उद्योगहरू ग्रामीण क्षेत्रमा कृषिसँग सम्बन्ध भएका हुन्छन् । हाते तानमा कपडा बुन्नु, राडी पाखी, कार्पेट, गलैंचा, सुकुल, चटाई टोकरी बुन्नु, तोरी पेल्नु, काठमा बुट्टा कोर्नु, धातुका भाँडाकुँडा बनाउनु, माटाका भाँडा बनाउनु, गहना बनाउनु, क्युरियोका सामान बनाउनु इत्यादि नेपालका विभिन्न प्रकारका कुटी र घरेलु उद्योग हुन् । नेपालका औद्योगिक एकाइमध्ये लगभग ९५ प्रतिशत घरेलु उद्योग छन् र ९० प्रतिशत औद्योगिक रोजगार घरेलु उद्योगले प्रदान गरेको अनुमान गरिएको देखिन्छ ।

विगतमा अवलम्बन गरिएका नीतिगत एवं अन्य सुधारका माध्यमबाट अैद्योगिक संरचनामा केही परिवर्तन देखापरे पनि देशको कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान अझसम्म पनि १० प्रतिशतभन्दा माथि जान सकेको छैन । औद्योगिक एकाइको संख्याको हिसाबबाट हेर्दा अझै पनि ९० प्रतिशतभन्दा बढी उद्योगहरू घरेलु तथा साना वर्गमा पर्दछन् । यस्ता उद्योगहरूले रोजगारीमा करिब ७६ प्रतिशत र मूल्य अभिवृद्धिमा ५० प्रतिशतभन्दा बढी योगदान दिएका छन् । तसर्थ, घरेलु तथा साना उद्योग समग्र औद्योगिक क्षेत्रको विकासलाई गरिबी निवारण गर्ने उद्देश्य प्राप्तिका लागि सशक्त माध्यमको रूपमा विकास गर्ने प्रचुर सम्भावना रहेको छ । यस क्रममा लघु उद्यम विकास गरी घरेलु तथा साना उद्योगलाई बढी व्यावसायिक ढंगले ग्रामीणस्तरसम्म पुर्‍याउने वातावरणको निर्माण तथा निजी क्षेत्रको सक्रियतामा समग्र उद्योग क्षेत्रको उत्पादनमा विस्तार एवं विविधीकरण गर्दै कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्न नीतिगत, कानुनी, संस्थागत एवं प्रक्रियागत सुधार आवश्यक देखिएको छ ।

नेपालमा वार्षिक पाँच लाखभन्दा बढी श्रमशक्ति श्रमबजारमा आउने गरेको छ । यस श्रमशक्तिलाई कृषि क्षेत्रले मात्र ग्रहण गर्न नसक्ने हुँदा स्थानीयस्तरमै स-साना व्यवसाय खोली रोजगारी प्रवर्द्धन गर्नु जरुरी छ । स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित व्यवसायको सिर्जना गर्न सकिएमा त्यस्ता व्यवसाय टिकाउ हुन सक्दछन् । बाह्य आयातीत सीप र कच्चा पदार्थमा आधारित उद्योगको तुलनामा हाम्रा परम्परागत कला, संस्कृति र सीपअनुरूपका व्यवसायमा आय तथा रोजगारीका सम्भावना बढी रहेको छ ।

घरेलु तथा साना उद्योगको विकासका लागि तत्कालीन श्री ५ को सरकारले विगत धेरै वर्षदेखि विभिन्न किसिमका सहयोगात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको थियो । सरकारी क्षेत्रबाट उद्योग व्यवसायमा पुर्‍याउने सहयोगमध्ये नीतिगत सुधार र लगानीका लागि उपयुक्त वातावरण सिर्जना गर्नु प्रमुख कार्य हुन् । यसका साथै औद्योगिक विकासका लागि आवश्यक भौतिक पूर्वाधारको विकास, बजार सूचनाको पहुँच, आयात-निर्यात नीतिमा सरलता, उद्योग प्रशासनसम्बन्धी कार्यहरू सरल तथा पारदर्शी बनाउनु सरकारको दायित्वभित्र पर्दछ ।

घरेलु तथा साना उद्योग र मझौला उद्योगहरूको किसिमहरूमा (१) अन्य पदार्थमा आधारित कुटी र उद्योग, (२) कृषि उपजमा आधारित कुटी र उद्योग, (३) वनस्पति पैदावारको प्रयोग गर्ने उद्यमहरू, (४) जन्तुमा आधारित कुटी र उद्योग, (५) खनिजमा आधारित कुटी र उद्योग, (६) पर्यटन सहायक कुटी र उद्योग तथा (७) ठूला उद्योगहरूको पूरक भई काम गर्ने कुटी र उद्योग पर्दछन् ।

नेपालको आर्थिक विकासमा घरेलु तथा साना उद्योगको विशिष्ट योगदान रहेको छ । हाम्रो समाजले घरेलु उद्योगबाट धेरै कुरामा आफ्नो आवश्यकताको पूर्ति गर्दै आएको छ भन्ने कुरा कौटिल्यको अर्थशास्त्र र चिनियाँ यात्रुहरूको बयानबाट थाहा हुन्छ । नेपालमा बनेको मालसामानको सराहनी सम्राट चन्द्रगुप्तका मन्त्री चाणक्यले पनि गरेका छन् । वास्तवमा किराँतीहरूको पालामा हस्तकला र व्यापार कृषिभन्दा विकसित र उन्नत अवस्थामा थियो भन्ने भनाइ पनि रहेको छ । नेपाली हस्तकला तथा शिल्पकलाको प्रमुख विशेषता के देखिन्छ भने सुरु पूर्वकालदेखि १९औं शताब्दीसम्म यसको क्षेत्र केही वस्तुहरूको उत्पादन गर्ने कार्यमा मात्र सीमित नरही ज्यादै विस्तृत तरिकाले फैलिएको देखिन्छ । त्यस बेलाका मानिसहरू खाद्यान्न प्रशोधन गर्ने साधारण कामदेखि लिएर कपडा बुन्ने, खानी खन्ने, खानीबाट निस्किएको कच्चापदार्थ पगाल्ने, कडा धातु गलाई सामान बनाउने आदि स्थिर ज्ञान चाहिनेजस्तो काम पनि गर्दथे ।

१८औं शताब्दीसम्म नेपाल आउने युरोपेली पर्यटकहरूले नेपालीहरूले हातले तयार गरेका सुर्ती, उनी कपडा, फलाम, तामा, पित्तल तथा ढलोटका विभिन्न सामानहरूको उत्कृष्ट नमूनाहरू हेर्ने मौका पाएका थिए । नेपालको प्राचीन हस्तकला र साना उद्योगहरूको नाउँमा ढिकी चलाउनेजस्तो सामान्य कामदेखि लिएर कपडा बुन्ने, खानी खन्ने, धातु पगाली मूर्ति बनाउनेजस्ता कठिन कामहरू र ठूलो कुशलता चाहिने कलापूर्ण वस्तुहरूको उत्पादन गर्नमासमेत नामी थिए । नेवार र मगरहरूले बुन्ने खाडी र चांगा ज्यादै सुन्दर र बलिया थिए । गुरुङ र लिम्बूहरूले बुन्ने उनीका वस्तुहरू भोटका मानिसले बुनेकाभन्दा मसिना थिए ।

नेपालको आर्थिक विकासमा कृषि व्यवसायपछि रोजगारीमा प्रत्यक्ष अवसर प्रदान गर्ने, जनजीवनमा आयको अभिवृद्धि गर्नमा ठोस योगदान प्रदान गर्न घरेलु तथा साना उद्योगहरूको महत्त्वपूर्ण स्थान रहेको छ । इतिहासको प्रारम्भिक अवस्थादेखि नै यहाँ कुनै न कुनै रूपले घरेलु उद्योगहरू सञ्चालन गरी आवश्यक वस्तुहरूको उत्पादन गरेको पाइन्छ । जनताको क्रयशक्ति मकजोर रहेको आन्तरिक बजार र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको कारणले गर्दा नेपालमा ठूला उद्योगहरू स्थापना गर्ने सम्भाव्यता ज्यादै सीमित देखिन्छ । अतः राष्ट्रिय हितलाई कायम राखी सर्वसाधारण जनताको आर्थिक हित कायम गर्न घरेलु तथा साना उद्योगहरूको विकासतर्फ एक ठोस कार्ययोजना अविलम्ब आवश्यक हुन गएको छ ।

नेपालमा अधिकांश कृषकरु वर्षको केही महिनासम्ममात्र कृषि व्यवसायमा लाग्ने वा बाँकी समय बेकारमै रहने गरेकाले यो समस्या हटाउन कृषि क्षेत्रमा देखापरेका निष्क्रिय साधन तथा जनशक्तिलाई औद्योगिकीकरणमा सहभागी गराई औद्योगिकीकरणमा एउटा आधार खडा गर्न र यसप्रकार राष्ट्रिय आयमासमेत वृद्धि गर्नमा कुटी र उद्योगको ठूलो महत्त्व छ । यसरी कुटी र उद्योगको माध्यमद्वारा बेकार समयको सदुपयोग गरी उत्पादनमा वृद्धि गरी स्थानीय उपभोगका सामानहरूको आवश्यकता पूरा गर्न ग्रामीण अर्धसहरी क्षेत्रमा छरिएको हस्तकला, कालीगढ आदि सीपलाई एकत्रित गरी हस्तकला तथा ग्रामीण उद्योगको विकास गर्न र देशमा औद्योगिकीकरणको निम्ति आवश्यक पर्ने अर्धदक्ष र दक्ष कामदारहरू तयार गर्नमासमेत मद्दत मिल्ने छ । घरेलु उद्योगको महत्त्वको सम्बन्धमा हामी चार्ल्स् डिकेन्सको भनाइलाई आत्मसात् गर्न सक्छौं- उद्योग व्यवसायको आत्मा र समृद्धिको आधार हो ।

आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षणमा उल्लेख गरिएअनुसार उद्योग क्षेत्रको उत्पादन, आय र रोजगारीको दृष्टिले आर्थिक विकासको मेरुदण्डको सार्वजनिक, निजी एवं विदेशी लगानीमार्फत औद्योगिक क्षेत्रको विकास र विस्तारमा सघाउ पुर्‍याइँदै आएको छ । यद्यपि औद्योगिक क्षेत्रको सुदृढीकरण एवं विस्तारका लागि लगानी न्यून रहेको छ भने यस्तो लगानीबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन । आधारभूत वस्तुमासमेत मुलुक आत्मनिर्भर बन्न सकेको छैन । औद्योगिक क्षेत्रको विकासका लागि सार्वजनिक लगानीलाई औद्योगिक पूर्वाधारको विकासमा केन्द्रित गर्नुपर्ने र स्वदेशी तथा विदेशी निजी लगानीलाई उत्पादन तथा रोजगारी अभिवृद्धिमा परिचालन गर्नुपर्ने आवश्यकता छ ।

वस्तुको आपूर्ति गर्नेतर्फ औद्योगिक, वाणिज्य तथा आपूर्ति नीति केन्द्रित गर्नुपर्ने देखिन्छ । अद्वितीय प्राकृतिक एवं समृद्ध सांस्कृतिक सम्पदाको कारण पर्यटन मुलुकको तुलनात्मक लाभको क्षेत्रको रूपमा रहेको छ । विश्वकै प्रमुख गन्तव्य हुने सम्भावना बोकेको मुलुक भए पनि पर्यटकीय सम्भावनालाई लाभमा परिणत गर्न सकिएको छैन । तसर्थ, सार्वजनिक एवं निजी लगानी अभिवृद्धिमार्फत पर्यटनको विकास र विस्तार गर्दै देशभित्र लाभजन्य रोजगारी सिर्जना गर्नेतर्फ पर्यटन नीति केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

मुलुकमा रहेका मूर्त तथा अमूर्त सम्पदा राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन् । परम्परागत संस्कृतिको जगेर्ना गरी मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकास गर्नु प्रमुख आवश्यकता रहेको छ । विविधतामा एकता नेपाली समाजको विशेषता भन्ने मर्मलाई हृदयंगम गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउन संस्कृतिको अहम् भूमिका रहेको छ ।

नेपालमा घरेलु तथा साना उद्योगहरूले भोग्नुपर्ने मुख्य कठिनाइहरूमध्ये विदेशमा आधुनिक यन्त्र उपकरणद्वारा ठूलो आकारमा उत्पादित सस्तो र राम्रो औद्योगिक वस्तुहरूसँग प्रतिस्पर्धा गर्नु परेको छ । पुँजीको अभावमा कुनै पनि उद्योगहरू फस्टाउन पाउँदैन । घरेलु उद्योगमा लागेका व्यक्तिहरूसँग आफ्नो व्यवसाय बढाउन आवश्यक पुँजी छैन । यसले गर्दा पनि घरेलु उद्योगको विकासमा बाधा पुगेको छ । घरेलु उद्योगका लागि चाहिने कच्चा वस्तुहरूको पनि ठूलो अभाव छ । एक ठाउँमा भएको कच्चा वस्तुलाई अर्को ठाउँमा लैजान कठिनाइ भएको छ । घरेलु तथा साना उद्योगमा लागेका अधिकांश कामदारहरू अप्रशिक्षित तथा अदक्ष छन् । नेपालमा घरेलु तथा साना उद्योगहरू स्वस्थ वातावरणमा विकसित भएका छैनन् । अधिकांश घरेलु उद्योगहरू बिलाएर गइसके र भएका पनि नराम्रो स्थितिमा गुज्रिरहेका छन् । सम्भावित उद्योगहरू पनि राम्ररी विकसित हुन सकेका छैनन् । यी उद्योगहरूको पुनरुत्थान तथा विकासका लागि आजसम्म भएका प्रयासले सन्तोषजनक उपलब्धि हासिल गर्न सकेको छैन ।

नेपालजस्तो विकासशील देशले घरेलु तथा साना उद्योगको क्षेत्रमा बढी मात्रामा विकास गर्नु अति नै आवश्यक देखिएको छ । तर यसमा धेरै समस्या तथा बाधाहरू छन् । जसले गर्दा घरेलु तथा साना उद्योगले फस्टाउने मौका पाएका छैनन् । ठूला-ठूला उद्योगहरूबाट विभिन्न किसिमका आधुनिक तथा वैज्ञानिक ढंगले थरीथरीका डिजाइन भएका वस्तुहरू उत्पादन हुन्छन् । तर घरेलु उद्योगमा मानिसहरूबाट पुरानो डिजाइनको वस्तु उत्पादन हुन्छ र रंगीविरंगी हुँदैन । साथै घरेलुबाट उत्पादित वस्तु महँगो पनि हुन्छ । यसैले गर्दा घरेलु उद्योग विकास गर्न सकेको छैन ।

घरेलु उद्योगको विकासमा एउटा महत्त्वपूर्ण बाधा प्रतिस्पर्धा हो । हातले बनेका सामानहरूले मेसिनबाट बनेका सामानहरूसँग कुनै हालतमा प्रतिस्पर्धा गर्न सक्दैन । हातले बनेका सामानहरू महँगोमात्र होइन कि रूप र आकारमा पनि आकर्षक हुँदैनन् । मेसिनसँग घरेलु उद्योगले प्रतिस्पर्धा गर्न कठिन हुने कुरा स्वाभाविक नै हो । विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्नुपर्छ । विदेशी वस्तु सस्तो तथा सुन्दर हुन्छ र यसको माग पनि बढी हुन्छ । तर घरेलु उद्योगका वस्तु टिकाउ भएता पनि सुन्दर हुँदैन जसले गर्दा यसको माग बढी हुँदैन । यसको साथसाथै घरेलु तथा साना उद्योगहरूले उचित मात्रामा संरक्षणको अभाव छ । घरेलु उद्योगका लागि महत्त्व दिने किसिमको वातावरण तयार गर्न सकिएको छैन ।

वर्तमान १६औं पञ्चवर्षीय योजना २०८१/८२–२०८५/८६ मा औद्योगिक विकास कार्यक्रमअन्तर्गत वास्तविक क्षेत्रतर्फ प्राथमिक क्षेत्रको सबलीकरण गर्न उर्वर खेतीयोग्य जग्गाको चक्लाबन्दी गरी एकीकरण गर्ने र खण्डीकरणलाई नियन्त्रण गर्ने; बाँझो जमिन र सार्वजनिक जमिनमा सामूहिक र सहकारी खेतीको प्रवर्द्धन गर्न युवा र वैदेशिक रोजगारबाट फर्केका जनशक्तिको मनोबल वृद्धि हुने वातावरण निर्माण गर्ने; उन्नत बीउ-विजन तथा मल समयमै आपूर्ति हुने प्रणाली सुनिश्चित गर्ने; वास्तविक कृषकलाई सहजरूपमा कृषि कर्जा तथा बिमा सेवा उपलब्ध गराउने; उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्ने; वनको वैज्ञानिक व्यवस्थापन गरी वन पैदावार उपयोगका लागि कानुनी तथा प्रक्रियागत सरलीकरण गर्ने भण्डारण सुविधा तथा बजारको उचित व्यवस्था गर्ने उद्देश्य तथा नीति राखिएको छ ।

लघु, साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने; जलविद्युत् उत्पादन तथा प्रसारणलाइन विस्तार गर्ने सार्वजनिक तथा निजी निर्माणका लागि स्वदेशी उद्योगसँगको सहकार्यमा निर्माण सामग्री उत्पादन गर्ने; स्वदेशी श्रमिकको परिचालनमा जोड दिने; तेस्रो क्षेत्रमा तुलनात्मक लाभ धेरै भएका पर्यटन, सूचना प्रविधि, पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापलगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने ग्रामीण तथा सहरी अर्थतन्त्रको अन्तरआबद्धता कायम गरी उद्यमशीलता अभिवृद्धिका लागि श्रम तथा उद्यममैत्री संस्कृतिको प्रवर्द्धन गर्ने कार्यनीति राखिएको पाइन्छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा उद्यमशीलता र औद्योगिक विकासअन्तर्गत आन्तरिक उत्पादन बढाइ आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न तथा उत्पादनलाई रोजगारीसँग आबद्ध गराउन उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिने नीति लिइएको छ । संघ, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, सहकारी तथा समुदायको साझेदारीमा सञ्चालन हुने यस कार्यक्रममार्फत कृषिको उत्पादन र उत्पादकत्व बढाउन, कृषिमा आधारित उद्योगको विकास र विस्तार गर्न, ग्रामीण पर्यटन प्रवर्द्धन गर्न तथा सूचना प्रविधिमा आधारित उद्यम स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिने कार्यक्रम राखिएको छ । यस कार्यक्रमका लागि सात अर्ब रूपैयाँ विनियोजन गरिएको छ । नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रममार्फत स्वदेशी उत्पादन प्रोत्साहन गर्ने नीति लिइएको छ । 'मेक इन नेपाल र मेड इन नेपाल' अभियानमा निजी क्षेत्रसँग सहकार्य गरिने नीति लिइएको छ । उत्पादनमूलक उद्योग र पर्यटन उद्योग स्थलसम्म पहुँचमार्ग, प्रसारणलाइन, नियमित विद्युत् सेवा र इन्टरनेट सेवालगायतका पूर्वाधार पुर्‍याउन सरकारबाट साझेदारी गरिने कार्यक्रम राखिएको छ । यी नीति कार्यान्वयनपक्ष कमजोर हुँदा आशातीत प्रगति हुनेमा ढुक्क हुने अवस्था छैन ।

*(लेखक अधिवक्ता तथा भक्तपुर बहुमुखी क्याम्पसका अवकासप्राप्त सहप्राध्यापक हुन्)*



**हिमपातपछि सेताम्मे लोमान्थाङ** | हिमपातपछि सेताम्मे देखिएको उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाको क्षेत्र । हिमपातपछि बालीनाली सप्रिने आशमा स्थानीय किसानहरू खुसी भएका छन् ।
*तस्बिरः सुन्दरकुमार थकाली/रासस*

# जुम्लामा वर्षा र हिमपात, किसानलाई राहत

**जुम्ला (प्रस)–** शुक्रबार बिहानैदेखि हिमपात र वर्षा हुँदा यहाँका किसानलाई राहत पुगेको छ । हरेक वर्ष हिउँदमा हिमपात हुने जिल्लामा यस वर्ष ढिलोगरी हिउँ र वर्षा भएको हो । उच्च ठाउँमा एक फिट जति हिउँ परेको पातारासी गाउँपालिका-१ का स्थानीयवासी मुनबहादुर एडीले जानकारी दिए ।

ढिलोगरी वर्षासँगै भएको हिमपातपछि आकाशे पानीको पर्खाइमा रहेका किसान भने खुसी भएका छन् । गत असोजदेखि पानी नपर्दा हिउँदे बाली सुक्दै गएका थिए ।

जिल्लाका आठवटै स्थानीय तहमा धेरैजसो ठाउँमा सिँचाइको अभाव छ । जहाँ किसानले आकाशे वर्षात्का भरमा जौं, गहुँबाली लगाउने गर्छन् । हिमपातका कारण जौं, गहुँलगायत नयाँ स्याउका बिरुवा लगाउन निकै सहज भएको हिमा गाउँपालिका-६ का स्थानीय किसान दुर्गा शाहीले बताए ।

जिल्लामा स्याउ र ओखरका बिरुवा रोप्ने याम आएकाले हिमपातका कारण सहज भएको कृषि विकास कार्यालयका सूचना अधिकारी दीपकसिंह धामीले बताए । जुम्लालगायत माथिल्लो कर्णालीमा हिमपात भएसँगै हवाई सेवा अवरुद्ध भएको छ । साथै सदरमुकाम खलंगा बजारबाट चल्ने लामो तथा छोटा दूरीका सवारीसाधन फाट्टफुट्ट चलेको तिला कर्णाली यातायातले जनाएको छ ।

# 'यातायातसम्बन्धी सबै समस्या समाधान गर्छौं'

■ **प्रभाव संवाददाता**



**हेटौंडा–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले यातायातसम्बन्धी सबैखाले समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको बताएका छन् । नारायणी यातायात व्यवसायी संघको ३६औं वार्षिक साधारणसभा तथा १६औं अधिवेशन उद्घाटन समारोहलाई शनिबार हेटौंडामा सम्बोधन गर्दै उनले यातायातसम्बन्धी नियम कानुन संशोधन गरी समस्या समाधान गर्न प्रदेश सरकार तयार रहेको स्पष्ट पारे ।

राज्यले गर्नुपर्ने धेरै काम यातायात व्यवसायी आफैंले गरिरहेको बताउँदै मुख्यमन्त्री लामाले सवारी जाँचपास र नवीकरणलाई प्रविधिमैत्री बनाउन छलफल अगाडि बढाउन प्रदेश सरकार तयार रहेको बताए । विदेशमा भएको प्रणाली प्रदेशमा पनि कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिँदै दुर्घटना तथा बिमासम्बन्धी ऐनमा आवश्यक संशोधन गर्न प्रदेश सरकारले आवश्यक सहजीकरण गर्ने उनको भनाइ छ ।

बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री प्रेमभक्त महर्जनले प्रदेशको ३० प्रतिशत राजस्वमा यातायात क्षेत्रले योगदान गरिरहेको बताए । उनले २२ लाख सवारी चालक अनुमतिपत्र नागरिक एपमा राखिएको जानकारी दिए । अनलाइनबाटै राजस्व तिर्ने, नवीकरण गर्ने र नामसारी गर्ने व्यवस्था मिलाउने तयारीमा प्रदेश सरकार लागिरहेको उनले बताए ।

संघका अध्यक्ष हीरालाल श्रेष्ठले सेवामूलक संस्था भएर पनि संघले नेपाल सरकारलाई कर तिर्दै आइरहेको बताए । अहिले पनि ठूलो रकम सरकारलाई कर तिनुपर्ने र आर्थिक अभावका कारण भरतपुरको रामनगरमा रहेको जग्गा बिक्री गरेर कर चुक्ता गर्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ । हेटौंडामा मुख्य कार्यालय रहेको नारायणी यातायात व्यवसायी संघले चितवनको रामनगरमा रहेको जग्गा बिक्री गरी कर तिर्ने तयारी गरिरहेको छ ।

२०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरूप संघको रूपान्तरित कम्पनीको रूपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले व्यवसायीका दुर्घटना, बिमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो ।

# सामाजिक विकास कार्यालय म्याग्दी तीन महिनादेखि प्रमुखविहीन

**म्याग्दी–** सामाजिक विकास कार्यालय तीन महिनादेखि प्रमुखविहीन भएको छ । कार्यालय प्रमुख नहुँदा चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका योजना तथा कार्यक्रम कार्यान्वयन ठप्प भएको छ । कर्मचारीहरूले तलब पनि खान पाएका छैनन् ।

सामाजिक विकास कार्यालय गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय मातहतको कार्यालय हो । तत्कालीन कार्यालय प्रमुख रमेश थापाको गत कात्तिकमा सरूवा भएका थिए । प्रदेश सरकारले लामो समयसम्म अर्का प्रमुख नपठाउँदा सेवा प्रवाह, योजना तथा कार्यक्रम कार्यान्वयन ठप्प भएको सेवाग्राही रूद्र सुवेदीले बताए । 'स्वरोजगारमूलक उद्यमलाई सहयोग गर्ने कार्यक्रमको अनुदानका लागि छनोट भएर भुक्तानीका लागि कागजात पेस गरे पनि कार्यालय प्रमुख नहुँदा पाइएको छैन,' उनले भने । अधिकृतस्तरका कर्मचारी कार्यालय प्रमुख रहने उक्त कार्यालयमा हाल नायब सुब्बा गोविन्द पुन, एक जना प्राविधिक, लेखा र सहयोगीमात्र छन् । प्रदेश सरकारले उक्त कार्यालयमार्फत कार्यान्वयन हुने ४५ वटा योजनाका लागि चालु आवमा दुई करोड ८० लाख ९० हजार रूपैयाँ बजेट विनियोजन गरेको छ ।

विभिन्न कार्यक्रमका लागि एक करोड ३५ लाख ७५ हजार रूपैयाँ विनियोजन भएको छ । एघार वटा योजनाको सम्झौता र बाँकी सबै योजनाको सर्वेक्षण तथा लागत अनुमान तयार पारे पनि आर्थिक वर्षको सात महिनासम्म वित्तीय प्रगति न्यून छ ।

कार्यालयमार्फत खेलमैदान, सामुदायिक भवन, विद्यालय पूर्वाधार, धार्मिकस्थलको संरक्षणसम्बन्धी योजना, बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपांगता, आदिवासी जनजाति, एकल महिला, दलित समुदायको सशक्तीकरणसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ । कार्यालय प्रमुख नहुँदा भएको समस्याका बारेमा मन्त्रालयमा जानकारी गराइएको र कार्यालय प्रमुखको प्रतिक्षामा रहेको नायबसुब्बा गोविन्द पुनले बताए ।

'कार्यालयको समस्याका बारेमा मन्त्रालयलाई जानकारी गराएका छौं, हामी कर्मचारीहरूले तीन महिनादेखिको तलब पनि खान पाएका छैनौं,' उनले भने, 'मन्त्रालयबाट केही दिनमै कार्यालय प्रमुख पठाउने आवश्वासन पाएअनुसार समस्या समाधान हुनेमा आशावादी छौं ।' *रासस*


**स्थानीय सरकार**

## सान्नीत्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**मेहलमुडी, कालीकोट**

**कर्णाली प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित प्रकाशन मितिः २०८१/११/१८**

यस कार्यालयको चालु आ.व.२०८१/०८२ मा कणाली प्रदेश शसर्त अनुदान र यस गाउँपालिकाको विनियोजित रकमबाट निर्माण गरिने तपसिल योजनाहरूको शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा तपसिल अनुसारको फर्महरूको बोलपत्र न्युनतम मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ बमोजिम सबैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

**तपसिलः**

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | आशयपत्र दिएको फर्मको नाम ठेगाना | मु.अ.कर सहित गरेको अंक रू. | कैफियत |
|---|---|---|---|---|---|
| 1 | STRM/W/NCB/LRRRC/02/2081/082 | Luiyata to Raku Rural Road Construction | M/S S.B Nirman Sewa Jarkot, Ramnakot Kalikot | 1240976.31 | |
| 2 | STRM/W/NCB/ADDRRC/03/2081/082 | Aejeru dada to dule Rural Road Construction | M/S Visan Safal Construction Sannitrivenni-6 Kalikot | 1364865.30 | |
| 3 | STRM/W/NCB/KMRRC/04/2081/082 | Kholikhet khola to Malekhola Rural Road Construction | M/S S.B Nirman Sewa Jarkot, Ramnakot Kalikot | 1128050.91 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सूचना

प्रकाशित मिति : २०८१/११/१८ गते

यस माछापुच्छ्रे बैंक लि. नारायणगढ शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/ब्यापार, ब्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८१/०२/०६ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ०८ (आठौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, शेयरधनी/सञ्चालक/प्रोप्राइटर/ सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**तपसिल**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता कायम भएको **अनमोल पोल्ट्री रिसर्च एण्ड ब्रिडिङ्ग फार्म प्रा.लि. ।**
दर्ता नं. १९०९७९/७४/०७५, दर्ता मिति : २०७५/०२/२२, पान नं. ६०६६९१०७५, दर्ता मिति : २०७५/०३/२०
ठेगाना : दाङ्ग जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १३, **संचालक/अधिकार प्राप्त व्यक्ति : होम प्रसाद शर्मा**

**व्यक्तिगत जमानतकर्ता**

| | |
|---|---|
| **१. होम प्रसाद शर्मा**<br>ना.प्र.नं. २५४/३४२, जि.प्र.का. दाङ्ग<br>जारी मिति : २०४६/०१/२३<br>बाबु : गेमलाल शर्मा, बाजे : जुजालाल शर्मा<br>ठेगाना : दाङ्ग जिल्ला, लालमतिया गा.वि.स. वडा नं. ९ | **२. धर्मराज लम्साल**<br>ना.प्र.नं. ९३९७३/१७५५, जि.प्र.का. दैलेख<br>जारी मिति : २०५५/०३/१०<br>बाबु : शिव प्रसाद उपाध्याय, बाजे : भुवनेश्वर उपाध्याय<br>ठेगाना :. दैलेख जिल्ला, गौरी गा.वि.स. वडा नं. ६ |
| **३. शुसिल कुमार पौडेल**<br>ना.प्र.नं. २५७१/२८०, जि.प्र.का. दाङ्ग<br>जारी मिति : २०५५/०३/१७<br>बाबु : शिव राज पौडेल, बाजे : धनेश्वर उपाध्याय<br>ठेगाना : दाङ्ग जिल्ला, त्रिभुवन गा.वि.स. वडा नं. ४ | **४. पिताम्बर पन्थी**<br>ना.प्र.नं. ३४५८, जि.प्र.का. अर्घाखाँची<br>जारी मिति : २०४६/०५/२०<br>बाबु : ज्ञानेश्वर पन्थी, बाजे : तिलक राम पन्थी<br>ठेगाना : अर्घाखाँची जिल्ला, अंगुरी गा.वि.स. वडा नं. ३ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. अनमोल पोल्ट्री रिसर्च एण्ड ब्रिडिङ्ग फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय घोराही दाङ्गमा दर्ता कायम भएको दाङ जिल्ला, हापुर बिजौरी न.पा./गा.वि.स./गा.पा. वडा नं. २ ख स्थित कि.नं. ११३६, ९८२, १०५५, ११३७, ५४४, १०५४, ५४२, १६०५, १६०६, १०५०, १०५३, ४००, ४७४, ९८०, ११३५, १०५२, १६०८, ५४१, १६०७, ११३८ र ५४३ को क्षेत्रफल क्रमशः ५५०.२७ (ब.मि.), ५००३.४० (ब.मि.), १६५५.०६ (ब.मि.), ५५०.२८ (ब.मि.), ५४१.७३ (ब.मि.), १६५४.८२ (ब.मि.), १६०८.५४ (ब.मि.), १६१६.९६ (ब.मि.), १६१६.९६ (ब.मि.), ६६०.२४ (ब.मि.), ८४६.५८ (ब.मि.), २१५० (ब.मि.), १२६९.६९ (ब.मि.), १३२०.४७ (ब.मि.), ५५०.२७ (ब.मि.), ८४६.४६ (ब.मि.), १३२०.६६ (ब.मि.), १६०८.२७ (ब.मि.), १३२०.६६ (ब.मि.), ५५०.२८ (ब.मि.) र ४७४.१० (ब.मि.) को जग्गा र सो जग्गामा निर्मित घर आदी सम्पूर्ण लिगलगापात समेत ।
२. अनमोल पोल्ट्री रिसर्च एण्ड ब्रिडिङ्ग फार्म प्रा.लि. ले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hyothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।
३. धनी यस माछापुच्छ्रे बैंक लि. र ऋणी अनमोल पोल्ट्री रिसर्च एण्ड ब्रिडिङ्ग फार्म प्रा.लि. को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन :
सवारी मोडल : LPT 810/38 CRXHDL, सवारी दर्ता नं. : बागमती प्रदेश ०३-००१ क ०१६९, Engine No.: 497TC44DPY813560 Chasis No: MAT547107K8R08822, सवारी रङ्ग : White

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरू**

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने बराबर धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक/“क” वर्गको बैंकबाट जारी गरिएको बैंक जमानत समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : | बोलपत्र खोलिने मिति, समय र स्थान : |
|---|---|
| २०८१/११/२५ आइतबार १२:०० बजे सम्म<br>शाखा कार्यालय, नारायणगढ | २०८१/११/२५ आइतबार दिनको ३:३० बजे<br>शाखा कार्यालय, नारायणगढ |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, नारायणगढ

प्रभाव दैनिक

रूपशाला

आइतबार, १८ फागुन २०८१ (Sunday, March 02, 2025)

## 'वसन्त'को 'बिना स्वादैको' सार्वजनिक

गायक तथा अभिनेता प्रकाश सपुतको निर्देशनमा निर्माण भएको फिल्म 'वसन्त'को गीत 'बिना स्वादैको' सार्वजनिक गरिएको छ। सार्वजनिक गीतको भिडियोमा कलाकारद्वय प्रभात पाल ठकुरी, श्री शिभान्सी र गायक देवेन्द्र बब्लु र मुख्य सहायक निर्देशक सुनिल विक तथा कलाकार विशाल पहारी प्रस्तुत छन्। गायक देवेन्द्र बब्लु (दि फिरन्ते)को स्वर तथा परिकल्पना रहेको गीत र संगीत गायक तथा निर्देशक प्रकाश सपुत र देवेन्द्र बब्लु र संगीत संयोजन योगेश काजी शाहको छ।




## भीम विराग प्रतिष्ठान ११ जना सम्मानित



**काठमाडौं (प्रस)–** भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान मकवानपुरले शनिबार एउटा साहित्यिक कार्यक्रमबिच विभिन्न विधाका ११ जनालाई पुरस्कार र सम्मान प्रदान गरेको छ।

प्रतिष्ठानले चार जनालाई साहित्य, संगीत, गायन र कलाकारिता विधामा राष्ट्रिय पुरस्कार प्रदान गरेको छ भने ७ जनालाई विभिन्न विधामा सम्मान समर्पण गरेको छ।

भीम विराग राष्ट्रिय साहित्य पुरस्कारबाट काठमाडौंकी माया ठकुरी, भीम विराग राष्ट्रिय संगीत पुरस्कारबाट रूपन्देहीका गायक हेमन्त शर्मा, भीम विराग राष्ट्रिय कला पुरस्कारबाट मकवानपुरका कलाकार भोलाराज सापकोटा र भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कारबाट काठमाडौंका पत्रकार(साहित्यकार ठाकुर बेल्वासेलाई सम्मान गरेको छ। प्रत्येक विधाका पुरस्कृतलाई जनही २५ हजार रूपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ।

यसैगरी, प्रतिष्ठानले १५ हजार राशिको तुलसीमाया-शिवकुमारी सृजनशील नारी सम्मानबाट मकवानपुरकी महिला उद्यमी शोभा श्रेष्ठ, शिला नारी सम्मानबाट मकवानपुरकी महिला उद्यमी मेनका श्रेष्ठ, चिनुकुमारी लामा स्मृति साहित्य सम्मानबाट मकवानपुरका साहित्यकार-बाल साहित्य अभियानकर्मी दीपक गौतमलाई सम्मान गरेको छ।

यस्तै, २० हजार राशिको रामकृष्ण बानियाँ स्मृति लोक संगीत सम्मानबाट पर्वतका लोक दोहोरी गायक कुलेन्द्र विश्वकर्मालाई सम्मान गरिएको छ भने १० हजार राशिको भीम-मथुरा बाल प्रतिभा सम्मानबाट मकवानपुरकी विद्यार्थी रीतिका छत्कुली, मंगलादेवी स्मृति स्वास्थ्य सेवा सम्मानबाट मकवानपुरकी स्वास्थ्यकर्मी निर्मला ब्लोन, अजित सेन-कमलेश्वरी गुप्ता भिन्न क्षमता सम्मानबाट मकवानपुरका दृष्टिविहीन मेकानिक सुदर्शन ढकाललाई सम्मान गरिएको छ।

पुरस्कृत एवं सम्मानित व्यक्तित्वहरूलाई कार्यक्रमकी प्रमुख अतिथि एवं हेटौंडा उपमहानगरपालिकाकी मेयर मिना कुमारी लामा, प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठ, प्रतिष्ठानका पूर्व अध्यक्ष ह्यग्रीभ आचार्य लगायतले पुरस्कार एवं सम्मान प्रदान गरेको प्रतिष्ठानका महासचिव छवि अनित्यले जानकारी दिए।

# 'प्रविधिमा अलिकति विकास गर्न सक्यौं भने हामी पर्फेक्ट हुन्छौं'



**स्टार नायिका रेखा थापाको ब्यानरमा निर्मित चलचित्र अन्दाजबाट नेपाली चलचित्र जगत्मा डेब्यू गरेका नायक सविन श्रेष्ठ हालैमात्र बालापन नाम फिल्मको सुटिङ सकाएका छन्। नेपाली चलचित्र क्षेत्रकी एक्सन नायिका एवं तत्कालिन समयकी 'हट केक' मानिएकी रेखासँग डेब्यू गरेपछि चलचित्र, वेब सिरिजका साथै सिरियलहरूमा व्यस्त रहेका सविनले दिनेश खड्काको एक्सन फिल्ममा पनि काम गरिरहेका छन्। उनका विगत, वर्तमान र भविष्यका योजनाबारे प्रभाव संवाददाताले गरेको कुराकानीको सारसंक्षेपः**

◆ **पछिल्लो समय के गर्दै हुनुहुन्छ ?**

– पछिल्लो समय लकडाउन अघिका व्यापार, व्यवसाय लकडाउनले रोकिएपछि फिल्म 'बालापन'को सुटिङ सकाएँ। त्यो सँगै म आफैं निर्माता र कलाकारका रूपमा एक प्रोजेक्ट गर्दैछु। जसको नाम अहिले फाइनल भएको छैन। आगामी वैशाखदेखि दिनेश खड्काको वेब सिरिज 'ए घरबेटी बा' भन्ने रिलिज हुँदैछ। त्यसको निर्देशकले एउटा एक्सन फिल्म बनाउँदैछन्। त्यो फिल्ममा हिरोका रूपमा नभई 'भिलेन'का रूपमा अभिनय गर्दैछु। त्यसको तयारी भइरहेको छ। त्यसको स्क्रिप्टको काम भइरहेको छ। तेक्वान्दो सिकिरहेको छु।

◆ **वेब सिरिजको कन्सेप्ट कसरी आयो ?**

– वेब सिरिज चाहिँ मैले नै आफ्नो च्यानलका लागि बनाएको हो। यसमा म र अनु शाह निर्माता छौं। युट्युब च्यानल आफ्नै भएको र १० वर्ष अगाडि पनि चलेको सिरियल। किन त्यसलाई नबनाउने भनेर पुरानै टिम बसेर कुराकानी हुँदा बनाउने निर्णय भयो। अहिले पाँच भागको सुटिङ भइसक्यो। सम्पादनको काम भइरहेको छ। दर्शकले १५ देखि २० दिन भित्र हेर्न पाउनुहुनेछ।

◆ **फिल्म क्षेत्रमा कसरी प्रवेश भयो ?**

– यसको एउटा रमाइलो कथा छ। नेपाल टेलिभिजन र युनिसेफको संयुक्त लगानीमा 'क्याटमाण्डु' भन्ने सिरियल बनेको थियो। यसमा म कलाकार 'जंगे'का रूपमा काम गरेको थिएँ। त्यसपछि म आफैं आयोजक, क्याटवक सिकाउने र क्याटवक पनि गर्ने भएकाले त्यो गर्दागर्दै 'घरबेटी बा', 'कलेज' सिरियल गरें। यो काम भइरहँदा अशोक शर्मा, उज्जवल घिमिरे र छविराज ओझाको ब्यानर फार मुभिजले 'अन्दाज' बनाउने तयारी गरिरहेको थियो। फिल्मले नयाँ हिरोको खोजी गरेको रहेछ। रेखा थापाले मलाई 'घरबेटी बा', 'कलेज'मा हेरिरहनुभएको र उज्जवल दाजुले पनि लुक्स हेरिरहनुभएको हुनाले मलाई बोलाउनुभयो। अनि सिधै उज्जवल दाईले छविराज ओझाको अगाडि उभ्याएर 'मैले खोजेको हिरो यही हो' भनेर एग्रिमेन्ट गरेर पठाउनुभयो। त्यसपछि मेरो फिल्मी यात्रा सुरु भयो।

◆ **अभिनयप्रति तपाईंको बाल्यकालदेखि नै हो कि ?**

– म अभिनय गर्छु, कलाकारितामा लाग्छु भन्ने सोच त पहिलेदेखि थिएन। मोडलिङ गर्दागर्दै 'क्याटमान्डु' गरें। त्यहाँ नवराज आचार्यसँग सम्बन्ध राम्रो भयो। अनि उसले नै 'घरबेटी बा' भन्ने सिरियल बनाउने निर्णय लिएपछि उसले नै बोलाएर 'शम्भु' चरित्रका लागि लुक्स टेस्ट भयो। यसरी नै अभिनयको सुरुवात गरें।

◆ **आफूलाई हिरो बन्छु भन्ने चाहिँ कहिलेदेखि लाग्यो ?**

– फिल्ममा हिरो बन्छु भन्ने कहिल्यै सोच नै आएन। यसमा उज्जवल घिमिरे, छविराज ओझा, रेखा थापाले नै छनोट गर्नुभयो। मोडलिङमा लाग्दा म हिरो छु भन्ने फिल हुन्थ्यो। सिरियल गर्दा पनि टाइमपासको रूपमा, रमाइलोको लागि साथीभाईको लहै लहैमा लागेर गरेको हो। उज्जवल दाईले लगेर साइन गराउँदा पनि मलाई खासै केही भएन। पोस्टर, ट्रेलर देखेपछि 'ओहो ! म पनि गर्न सक्छु है' भन्ने फिल भयो।

◆ **अभिनयकै लागि प्रशिक्षण पनि लिनुभयो होला नि ?**

– सिरियल 'क्याटमान्डु' गरिरहँदा नितेशराज पन्त र लय संग्रौलाबाट नै अभिनय सिकें। त्यसपछि फिल्म 'अन्दाज' गरिरहँदा उज्जवल दाईबाट काम के हो भन्ने कुरा सिक्न पाएँ।

◆ **अभिनयमा लाग्दा परिवारबाट कत्तिको समर्थन र सहयोग पाउनुभयो ?**

– मलाई परिवारको पूर्ण समर्थन छ। मैले जे काम गर्दा पनि परिवारको समर्थन थियो। मलाई परिवारले कुनै पनि कुरामा नाइँ नास्ती गरेन।

◆ **तपाईंको बुझाईमा एउटा हिरो हुन के-के कुरा आवश्यक पर्दा रहेछन् ?**

– पहिलो कुरा आत्मविश्वास हो। अनि आफू कुन क्षेत्रमा लागेको हो, त्यो क्षेत्रको सम्पूर्ण ज्ञान हुनुपर्छ। अभिनय, फाइट, डान्सलगायतका सबै किसिमका प्रशिक्षण लिएर आउनुपर्छ।

◆ **एक समयमा तपाईं फिल्ममा व्यस्त हुनुहुन्थ्यो। तर अहिले त्यो व्यस्ततामा कमी देखिएको छ। कारण के हो ?**

– एक समयमा हरेक शुक्रबार मेरो दुईवटा फिल्म रिलिज हुन्थ्यो। एक समयमा मैले 'ब्याक टु ब्याक' फिल्म पनि गरें। त्यो सँगै मैले आफ्नो व्यावसायलाई पनि अगाडि बढाउन थालें। मैले कार वास, मोबाइल शो रुम, भेहिकल सम्बन्धी व्यापार सुरु गरें। यो लकडाउन अघिको कुरा हो। अभिनयबाट ब्रेक पनि हुन्छ र आफ्नो व्यवसाय पनि सुरुवात हुन्छ भनेर दुई वर्षमा म त्यसमा लागें। लकडाउन साढे दुई वर्ष भयो। साढे चार वर्ष त्यही गयो। त्यसरी ब्रेक भएको हो। त्यसलगत्तै 'बालापन' गरें। अनि यही क्षेत्रलाई माया गर्न नेपाल चलचित्र कलाकार संघको चुनाव भयो। त्यसमा महासचिव पदमा जितें। अहिले मेकिङ र अभिनयतिरै लागेको छु।

◆ **अभिनयमा लागेपछि तपाईंले पाएको र गुमाएको कुरा केही छ ?**

– गुमाउनुभन्दा पनि मैले धेरै चिज पाएको छु। मैले दर्शकबाट नसोचेको माया पाएको छु। मेरो लाइफस्टायल परिवर्तन भयो। सस्टेन हुन मैले त्यहीँबाट पैसा पनि कमाएँ। इज्जत पनि कमाएँ। दुई वर्ष व्यवसाय गर्दा चाहिँ अभिनय र सुटिङको माहोल त्यो गुमाएको थिएँ।

◆ **तपाईंको बुझाईमा हिरोको परिभाषा के हो ?**

– पर्दामा देखिने पात्रले समाजलाई पनि राम्रो अवसर दियोस्। राम्रो काममा अग्रसर गराओस्। उसको कामले समाजमा राम्रो प्रभाव छोडोस्। थोरै भए पनि उसले अभिनयमार्फत समाजलाई परिवर्तन गर्न सकोस्।

◆ **नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा अझ बढी विस्तार गर्न कसरी सकिन्छ जस्तो लाग्छ ?**

– मुख्य कुरा प्रविधि हो। कामको हिसाबले कुनै पनि देशको फिल्म क्षेत्रभन्दा हामी कम छैनौं। मलाई लाग्छ कि उनीहरूभन्दा हामी बढी मेहनत गर्छौं। उनीहरू सिफ्ट वाइज गर्छन्, तर हामी दिनरात नभनी काम गर्छौं। कामको हिसाबले हामी परफेक्ट छौं। प्रविधि र बजेटको हिसाबमा अलिकति विकास गर्न पायो भने कुनै पनि देशको फिल्म क्षेत्रभन्दा हामी कम हुँदैनौं।

◆ **अभिनय विधाबाट तपाईंले के कति सम्मान, अवार्ड प्राप्त गर्नुभएको छ ?**

– मैले पहिलो फिल्म 'अन्दाज'बाट डेब्यू एक्टरको नेफ्टा अवार्ड पाएँ। त्यसपछि लगत्तै 'हवल्दार सुन्तली'बाट बेस्ट सपोर्टिङ एक्टरको अवार्ड पाएँ। अनि मैले आफैं निर्माण गरेको 'हिरो रिटर्नस'बाट अस्ती भर्खरै 'डी सिने अवार्ड' मा 'बेस्ट नायक' अवार्ड पाएँ। यो सँगै विभिन्न क्षेत्रबाट मान सम्मान पाइरहेको छु।

◆ **तपाईंका फ्यान अथवा दर्शकले पर्दामा हेर्न चाहिरहेका छन्। दर्शकको चाहना कहिले पुरा होला ?**

– अब २०८२ मा आउँछ कि। हामीले 'बालापन'को सुटिङ सकाएर पोस्टको काम लगभग सकिन लाग्यो। त्यसपछि मेरै निर्माण र अभिनय रहेको दुईवटा प्रोजेक्ट पनि आउँछ। मेरो विचारमा २०८२ मा तीनवटा फिल्म दर्शकमाझ आउँछ।



# नेपाल र सिंगापुरबीच मैत्रीपूर्ण फुटबल हुने

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीले सिंगापुरसँग मैत्रीपूर्ण फुटबल खेल खेल्ने भएको छ। सिंगापुर फुटबल संघले सन् २०२५ को पहिलो घरेलु खेल भनेर नेपाल र हङकङसँग खेल खेल्ने तालिका सार्वजनिक गरेको छ।

नेपाल र सिंगापुरबीच मैत्रीपूर्ण खेल चैत ८ गते (मार्च २१) मा सिंगापुरमा खेल हुनेछ। एएफसी एसियन कप तेस्रो चरणको छनोटको तयारीमा रहेका नेपाल र सिंगापुरले त्यसको तयारी स्वरूप खेल खेल्न लागेका हुन्।

यसबारे अखिल नेपाल फुटबल संघ (एन्फा) ले भने आधिकारिक रूपमा सार्वजनिक गरेको छैन। नेपालले पछिल्लो पटक गत नोभेम्बरमा ताजिकिस्तानमा गएर घरेलु टोली र अफगानिस्तानसँग दुई मैत्रीपूर्ण खेल खेलेको थियो।

एसियन कप तेस्रो चरणको छनोटको पहिलो खेलमा नेपालले मार्च २५ मा मलेसियासँग पहिलो खेल खेल्ने तय छ। उक्त खेल नेपालले घरेलु मैदानमा खेल्ने तालिका थियो। तर नेपाल र मलेसियाबीचको खेल दशरथ रंगशालमा नहुने सम्भावना धेरै छ। एएफसीले दशरथ रंगशालालाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त खेल खेलाउन स्वीकृति नदिएकोले उक्त खेल नेपालको सट्टा मलेसियामै हुने स्रोतले जनाएको छ।

यस्तै सिंगापुरले छनोटको पहिलो खेल मार्च २५ मै हङकङसँग घरेलु मैदानमा खेल्ने तालिका छ।

**अन्तर प्रदेशस्तरीय भलिबल**

# सेनाको भैरवी दल र महोत्तरी फाइनलमा

**बरहथवा (प्रस)–** नेपाली सेनाको भैरवी दल र महोत्तरीको करुणा क्लब सर्लाहीको हरिपुरमा जारी भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्।

हरिपुर नगरपालिका-७ चिताइनमा शनिबार सम्पन्न सेमिफाइनल खेलमा विजयी हुँदै सेनाको भैरवी दल गण पाँच कुमारी र करुणा क्लबले कम्तीमा उपविजेताको उपाधि रक्षा गरेका हुन्। भैरवी दलले धनुषाको मिथिला विहारी नगरपालिकालाई ३-० को सोझो सेटमा पराजित गरेको हो। प्रतिस्पर्धामा भैरवीले २५-१७, २५-२१ र २५-२० को नतिजा निकाल्यो।

यस्तै दोस्रो सेमिफाइनलमा महोत्तरीको करुणा क्लबले सर्लाहीको बड्कुर्वालाई ३-० को सोझो सेटमा पराजित गरेको हो। करुणाले बड्कुर्वालाई २५-२१, २५-२३ र २५-१८ ले पराजित गरेको आयोजक लक्ष्मीनाथ युवा क्लबका सल्लाहकार चेननारायण धामीले जानकारी दिए। उनका अनुसार फाइनल खेल आइतबार हुनेछ।

यस्तै प्रतियोगिताअन्तर्गत प्रदेशस्तरीय महिला भलिबलको लिग चरणको दुई खेल पनि सम्पन्न भएका छन्। महोत्तरी र सप्तरीबीच भएको प्रतिस्पर्धामा महोत्तरी विजयी भएको छभने बारा र सर्लाहीबीच भएको दोस्रो खेलमा बारा विजयी भएको हो। महिला टोलीको सेमिफाइनल र फाइनल खेलहरू आइतबार खेलाइने र पुरुषतर्फको फाइनल खेल आइतबार हुनेछ।

पुरुषतर्फ प्रतियोगिताका विजेता टोलीले सिल्ड, मेडल, प्रमाणपत्रसहित रु एक लाख र उपविजेता टोलीले रु ५० हजार नगद प्राप्त गर्ने आयोजकले जनाएको छ। विधागत उत्कृष्ट खेलाडीहरूलाई समेत पुरस्कारको व्यवस्था गरिएको क्लबको भनाइ छ। प्रतियोगितामा सर्लाही, महोत्तरी, धनुषा, बारा, सिन्धुली, मकवानपुर र एक विभागीय गरी नौ टोली सहभागी छन्।

यस्तै महिलातर्फको प्रदेशस्तरीय भलिबल प्रतियोगिताका विजेताले रु १५ हजार नगदसहित सिल्ड, मेडल, प्रमाणपत्र र उपविजेता टोलीले नगद रु १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ। प्रतिस्पर्धामा सर्लाही, बारा, सप्तरी र महोत्तरीका गरी चार टोली सहभागी भएका छन्। यहाँ विगत दुई दशक बढी समयदेखि भलिबल प्रतियोगिता आयोजना हुँदै आएको आयोजकको भनाइ छ। जिल्लास्तरीय, अञ्चलस्तरीय, क्षेत्रस्तरीय, प्रदेशस्तरीय हुँदै अहिले अन्तर प्रदेशस्तरीय भलिबल प्रतियोगिता आयोजना भइरहेको छ।

**वीरगञ्ज गोल्डकप**

# वीरगञ्ज युनाइटेडको विजयी सुरूवात

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** दोस्रो वीरगञ्ज गोल्डकप २०८१ को उद्घाटन खेलमा आयोजक वीरगञ्ज युनाइटेड क्लबले विजयी सुरुआत गरेको छ। वीरगञ्जको आदर्शनगर रङ्गशालामा भएको उद्घाटन खेलमा आयोजक युनाइटेड वीरगञ्जले पहुना टोली गरवाल डाइमन्ड फुटबल क्लब दिल्लीलाई एक-शून्य गोल अन्तरले पराजित गर्दै सेमिफाइनको यात्रा तय गरेको हो।

खेलको दोस्रो हाफको सुरुआती चरणमा डाइमन्ड फुटबल क्लबका खेलाडी सन्दीप रानाले बल 'क्लियर' गर्ने क्रममा सो बल आत्मघाती गोल हुँदै वीरगञ्ज युनाइटेड विजयी भएको हो। खेलको पहिलो हाफमा वीरगञ्ज युनाइटेडले 'पेनाल्टी सुट आउट'को अवसर पाएको थियो तर कप्तान शिषस थापाले त्यो अवसरलाई गोलमा परिणत गन सकेनन्।

आइतबार खेल भने सङ्कटा फुटबल क्लब र सहलेश फुटबल क्लब सिरहाबीच हुँदैछ। यसअघि गोल्डकपको उद्घाटन गर्दै वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले प्रतियोगिताले स्थानीय तथा राष्ट्रियस्तरका खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुने बताए।




'यस प्रतियोगिताले फुटबलको सीप, कला सिक्ने र खेलमै आफ्नो करियर बनाउनका लागि ठूलो सहयोग पुऱ्याउने विश्वास लिएको छु', उनले भने, 'प्रतियोगिताले खेलकुदको विकास मात्रै नभई समग्रमा यहाँको अर्थतन्त्र, पर्यटन र सामाजिक जीवनमा पनि सकारात्मक प्रभाव पर्ने अपेक्षा छ।'

क्लबका महासचिव पङ्कज श्रेष्ठले वीरगञ्जमा फुटबल खेलको संस्कृति प्रवर्द्धनका लागि प्रतियोगिता आयोजना गरिएको बताए। प्रतियोगिता संयोजक सुबोधकुमार श्रीवास्तवले प्रतियोगिताले ओझेलमा परेका खेलाडीलाई नयाँ 'प्लेटफर्म' प्रदान गर्ने बताए।

प्रतियोगिता आगामी फागुन २४ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा सङ्कटा फुटबल क्लब, मच्छिन्द्र फुटबल क्लब, बागमती युथ क्लब सर्लाही, नेपाल पुलिस क्लब, गरवाल डाइमन्ड फुटबल क्लब दिल्ली, एपिआई चर्च ब्वाइज युनाइटेड, काठमाडौं, सलहेश फुटबल क्लब सिरहा र आयोजक वीरगञ्ज युनाइटेड क्लब सहभागी छन्।

प्रतियोगिताको विजेता टोलीलाई नगद रु ११ लाख ११ हजार १११ र उपविजेता हुने टोलीलाई रु पाँच लाख ५५ हजार ५५५ नगद, ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने गरिनेछ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई स्कुटर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही रु २० हजार नगद पुरस्कार प्रदान गरिनेछ। यस्तै, प्रत्येक खेलको 'म्यान अफ दी म्याच' घोषित हुने खेलाडीले नगद रु १० हजार प्राप्त गर्नेछन्।

# ट्रम्प र जेलेन्स्कीबीच चर्काचर्की

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका नेता भोलोदिमिर जेलेन्स्कीबीच शुक्रबार ओभल अफिसमा भएको वार्तामा दुई नेताबीच आ-आफ्ना अडान राख्ने क्रममा चर्काचर्की भएको छ । वार्ताका क्रममा दुवै नेताले आफ्ना धारणा राख्ने क्रममा उनीहरूबीच भनाभनको अवस्था आएको हो ।

वार्तामा अमेरिकी राष्ट्रपति ट्रम्पले भनेको कुरामा असहमति जनाएपछि आक्रोशित ट्रम्पले जेलेन्स्कीसँग भने, 'तपाईंहरू या त सम्झौता गर्न तयार हुनुपर्छ । अमेरिका युक्रेनलाई सहयोग गर्ने बाटोबाट बाहिरिइसकेको छ ।'

रुसमा अचानक अमेरिकी पहुँचलाई लिएर तनाव कम गर्ने उद्देश्यले भएको बैठकले उनीहरूबीच भनाभनको अवस्था आएको हो । 'तपाईं लाखौं मानिसहरूको जीवनसँग जुवा खेल्दै हुनुहुन्छ । तपाईं तेस्रो विश्वयुद्ध निम्त्याउने जुवा खेल्दै हुनुहुन्छ र तपाईंले जे गरिरहनुभएको छ, त्यो यो देशप्रति अपमानजनक छ,' ट्रम्पले भने ।

अमेरिकी राष्ट्रपतिले हालै आफ्ना युक्रेनी समकक्षीलाई तानाशाहको संज्ञा दिए पनि युक्रेनको खनिज सम्पदा बाँडफाँड गर्ने र रुससँग शान्ति सम्झौताबारे छलफल गर्न अमेरिकी राष्ट्रपति ट्रम्पको निमन्त्रणामा जेलेन्स्कीले ह्वाइट हाउसको भ्रमण गरेका हुन् । फ्रान्स र बेलायतका नेताहरू पनि ह्वाइट हाउसमा आएर ट्रम्पलाई किएभसँगको सहकार्य नछोड्न गरिएको आग्रहपछि यो बैठक भएको हो ।



यद्यपि, उपराष्ट्रपति जेडी भान्सले युद्ध अन्त्यका लागि 'कूटनीति' आवश्यक रहेको बताएपछि आक्रोश चुलिएको थियो । भान्सको भनाइपछि जेलेन्स्कीले 'कस्तो प्रकारको कूटनीति' भनेर सोधेका र भान्सले त्यसपछि उनलाई राष्ट्रपतिको कार्यालयमा 'अपमानजनक' भएको आरोप लगाएका थिए ।

विवादपछि निकै अपेक्षा गरिएको अमेरिका र युक्रेनबीच हुने भनिएको खनिजसम्बन्धी सम्झौतामा हस्ताक्षर भएन र जेलेन्स्कीलाई अमेरिकी राष्ट्रपति कार्यालयबाट बाहिरिन भनियो । राष्ट्रपतिको कार्यालयबाट बाहिरिएपछि फक्स न्युजसँग कुरा गर्दै जेलेन्स्कीले आफू र ट्रम्पबीच हुन पुगेको विवाद 'दुवै पक्षका लागि ठीक नभएको' प्रतिक्रिया दिए । सो क्रममा उनले पछिल्लो घटनापछि पनि दुई देशबीच सम्बन्ध अगाडि बढ्नसक्ने आफ्नो विश्वास रहेको बताएका छन् ।

वार्ताका क्रममा ट्रम्पले रुससँग लडाइँ गरेर युक्रेनले जित्न नसक्ने बताएको र जेलेन्स्कीले आफूले युद्धविराम चाहेको उल्लेख गरेको बताएको अमेरिकी राष्ट्रपतिको कार्यालय निकट स्रोतले जनाएको छ । *रासस/एएफपी*

## ट्रम्पसँगको सम्बन्ध सुधार गर्न सकिन्छ : *जेलेन्स्की*

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी समकक्षी भोलोदिमिर जेलेन्स्कीसँग शान्ति स्थापना गर्ने कुरामा चकाचर्की भएपछि अमेरिकी टेलिभिजन फक्स न्युजसँग बोल्दै युक्रेनी राष्ट्रपति जेलेन्स्कीले अमेरिकासँगको आफ्नो सम्बन्ध अझै सुधार गर्न सकिने बताएका छन् ।

फक्स न्युजसँगको अन्तर्वार्तामा ट्रम्पसँगको सम्बन्धलाई बचाउन सकिन्छ कि भनेर सोधिएको प्रश्नमा जेलेन्स्कीले भने, 'पक्कै पनि ।'

अमेरिका र युक्रेनबीचको सम्बन्ध 'दुई राष्ट्रपतिभन्दा बढी' का लागि रहेको बताउँदै उनले युक्रेनलाई रूसको ठूलो र राम्रो सशस्त्र सेनाविरुद्धको लडाइँमा वासिङ्टनको सहयोगको खाँचो रहेको बताए । जेलेन्स्कीले ट्रम्पको मनपर्ने समाचार च्यानल फक्ससँग भने, 'अमेरिका र ट्रम्पको समर्थनविना यो यात्रा पक्कै कठिन हुने छ ।'

राष्ट्रपति ट्रम्पले शुक्रबार पत्रकारसँग कुरा गर्दै जेलेन्स्कीले 'बढी खेलिरहेको' र तत्काल युद्ध अन्त्य गर्न सहमत हुनुपर्ने बताएका थिए । तपाईं ट्रम्पसँग माफी माग्न चाहनुहुन्छ त ? भन्ने प्रश्नमा जेलेन्स्कीले अस्वीकार गर्दै फक्स न्युजसँग भने, 'हामीले केही नराम्रो गरेका छौं भन्ने मलाई लाग्दैन ।' यद्यपि, उनले पत्रकारहरूको अगाडि विवादको विषयलाई धेरै आदानप्रदान नहोस् भन्ने आफूले चाहेको बताएका थिए । यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियोले सिएनएनसँगको कुराकानीमा जेलेन्स्कीलाई आफूहरूको समय खेर फालेकोमा माफी माग्न आग्रह गरेका छन् । *रासस/एएफपी*

# युक्रेन 'एक्लो छैन' : युरोपेली नेता

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको जित देखिनेगरी युद्धविराम गराउन बाध्य पार्ने छन् भन्ने चिन्तामा रहेका अमेरिकी सहयोगी युरोपेली मुलुकका नेताले अमेरिकी र युक्रेनी नेताहरूबीचको चर्काचर्की सञ्चारमाध्यममा आएसँगै जेलेन्स्की र युक्रेनको समर्थनमा आफ्ना भनाइहरू सार्वजनिक गरेका छन् ।

युरोपेली आयोग र युरोपेली काउन्सिलका क्रमशः प्रमुख उर्सुला भोन डेर लेयेन र एन्टोनियो कोस्टाले जेलेन्स्की कहिल्यै एक्लो नभएको बताएका छन् । 'बलियो बन्नुस्, साहसी बन्नुस् र निडर बन्नुस्,' भोन डेर लेयन र कोस्टाले सामाजिक सञ्जालमा संयुक्त विज्ञप्ति जारी गर्दै जेलेन्स्कीलाई भनेका छन्, 'हामी न्यायपूर्ण र स्थायी शान्तिका लागि तपाईंको साथमा सहकार्य गरिरहनेछौं ।'

यसैबीच, इयूका शीर्ष कूटनीतिज्ञ काजा कल्लासले युरोपेली शक्ति र वासिङ्टनबीचको ट्रान्सएटलान्टिक गठबन्धनबारे अमेरिकी नेतृत्वमाथि प्रश्न उठाएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'आज, यो स्पष्ट भयो कि यो चुनौतीको सामना गर्नका लागि स्वतन्त्र विश्वलाई नयाँ नेताको खाँचो छ । यसका लागि हामी युरोपेलीहरू के गर्छौं यसमा निर्भर रहने छ ।'

वार्ता अवरूद्ध भएसँगै युक्रेनको समर्थनमा पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई संकेत गर्दै भने, 'तपाईं एक्लो हुनुहुन्न ।' बेलायती प्रधानमन्त्री केइर स्टार्मरले ट्रम्प र जेलेन्स्की दुवैसँग फोनमा कुरा भएको र किएभलाई 'अटुट समर्थन' गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

इटालीकी प्रधानमन्त्री जियोर्जिया मेलोनीले संयुक्त राज्य अमेरिका, युरोप र युक्रेनका सहयोगीहरूबीच 'अविलम्ब' शिखर सम्मेलन गर्न आह्वान गरेकी छन् । उनले भनिन्, 'ढिलो नगरी शिखर सम्मेलन आवश्यक छ । युक्रेनबाट सुरु भएको आजको प्रमुख चुनौतीहरूको सामना कसरी गर्ने भन्ने बारेमा हामी स्पष्ट रूपमा कुरा गर्न चाहन्छौं ।'

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले युक्रेन युद्धमा रुस 'आक्रमणकारी' भएको बताएका छन् । उनले भने, 'आक्रमणकारी रुस हो । युक्रेनलाई सहयोग गर्ने र रुसलाई तीन वर्षअघि नै प्रतिबन्ध लगाउने र त्यसलाई निरन्तरता दिने हाम्रो निर्णय सही थियो ।' जेलेन्स्कीविरुद्ध ट्रम्पले लगाएको आरोपलाई संकेत गर्दै उनले भने, 'यदि कोही तेस्रो विश्वयुद्धमा खेलिरहेको छ भने त्यो रूसी नेता पुटिन हुन् ।'

जर्मनीका सम्भावित चान्सलर फ्रेडरिक मर्जले जेलेन्स्कीलाई समर्थन गर्ने आश्वासन दिएका छन् । 'हामीले यस भयानक युद्धमा आक्रमणकारी र पीडितलाई कहिल्यै भ्रमित गर्नु हुँदैन,' मर्जले भने । निवर्तमान चान्सलर ओलाफ स्कोल्जले पनि युक्रेनको समर्थन गरेका छन् भने विदेशमन्त्री एनालेना बेयरबोकले पनि किएभको 'शान्ति र सुरक्षाको खोजी हाम्रो हो' भनेका छन् ।

यसैबीच, हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन दुवैका निकटतम साझेदारमध्येका एक ओर्बानले शान्तिका लागि बहादुरीका साथ उभिएकोमा धन्यवाद दिएका छन् । ओर्बानले एक्समा लेखेका छन्, 'शक्तिशाली मानिसले शान्तिको पक्षमा माहोल बनाउँछ, कमजोर मानिसले युद्ध गर्छ ।' नेदरल्याण्डका प्रधानमन्त्री डिक स्कूफले युक्रेनका लागि नेदरल्याण्डको समर्थन अझै कम नभएको बताएका छन् । उनले सामाजिक सञ्जाल एक्समार्फत भने, 'विशेषगरी अहिले हामी स्थायी शान्ति चाहन्छौं र रूसले सुरु गरेको आक्रमणको युद्धको अन्त्य चाहन्छौं ।'

किएभ कट्टर सहयोगी पोल्याण्डले विवादपछि युक्रेनीहरूलाई आश्वस्त पार्न कदम चालेको थियो । पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले जेलेन्स्कीलाई सम्बोधन गर्दै भने, 'प्रिय युक्रेनी मित्रहरू, तपाईं एक्लो हुनुहुन्न ।' स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले युद्धग्रस्त युक्रेनको पक्षमा आफ्नो देश उभिने बताएका छन् । 'युक्रेनी मित्रहरू, स्पेन तपाईंहरूको साथमा उभिएको छ ।' सन् २०२२ मा रुसले गरेको आक्रमणपछि युक्रेनका कट्टर समर्थक साञ्चेजले एक्समा लेखेका हुन् । *रासस/एएफपी*

# उत्तराखण्डको हिमपहिरोमा फसेका ४७ जनाको उद्धार



**देहरादुन–** उत्तरी भारतको सीमा क्षेत्रमा हिमपहिरोमा फसेका ४७ जनाको खोजी टोलीले उद्धार गरे पनि अझै आठ जनाको खोजी भइरहेको अधिकारीहरूले शनिबार बताएका छन् ।

शुक्रबार चीनको तिब्बतसँग सीमा जोडिएको भारतको उत्तराखण्डको चमोली जिल्लाको एक गाउँ नजिकै निर्माण शिविरमा हिमपहिरो खस्दा ५५ जना कामदार हिउँ र भग्नावशेषमा पुरिएका थिए । उत्तराखण्ड राज्यका मुख्यमन्त्री पुष्करसिंह धामीले उक्त क्षेत्रको मौसम सफा भएसँगै राहत र उद्धार कार्यलाई तीव्रता दिइएको बताएका छन् । 'हिउँमा फसेका सबै कामदारलाई जतिसक्दो चाँडो सुरक्षित रूपमा बाहिर निकाल्ने हरसम्भव प्रयास भइरहेको छ,' धामीले भने ।

स्थानीय प्रहरीले शनिबार एक विज्ञप्ति जारी गर्दै भग्नावशेषबाट ४७ जनालाई निकालिएको र बाँकी आठ जनाको खोजी जारी रहेको जनाएको छ । घटनास्थलमा रहेका सेनाका चिकित्सकले गम्भीर घाइतेको जीवनरक्षक शल्यक्रिया गरेको बताइएको छ ।

तिब्बतसँग सीमा जोडिएको माना गाउँका बासिन्दाहरू अत्यधिक मौसमबाट बच्नका लागि कम उचाईमा बसाइँ सरेपछि सुनसान भएको 'द इन्डियन एक्सप्रेस' ले जनाएको छ । हिमालको माथिल्लो भेगमा विशेषगरी जाडो याममा हिमपहिरो र पहिरो खस्नु सामान्य कुरा हो ।

सन् २०२१ मा उत्तराखण्डमा हिमनदीको ठूलो भाग नदीमा खस्दा करिब १०० जनाको मृत्यु भएको थियो । सन् २०१३ को विनासकारी मनसुनी बाढी र पहिरोका कारण छ हजार मानिसको मृत्यु भएको थियो र राज्यमा विकास परियोजनाहरूको पुनरावलोकनको माग गरिएको थियो । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : Saadi Bin Saad Al Harbi and Partners Company

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | LT. No. 319591 | चलानी नं. ६०२३३७२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २५ गते (9th Mar. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७



## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/१८ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : लहान**

**ऋणीको नाम, ठेगाना**

**गिता देवी राय**
ना.प्र.नं. १५२००५/१११, ई.प्र.का. लाहान, सिरहा, जारी मिति : २०६७/०६/०६
पति : श्रवण कुमार राय, ससुरा : लक्ष्मी राय
ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७, हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. गिता देवी राय**<br>ना.प्र.नं. १५२००५/१११, ई.प्र.का. लाहान, सिरहा<br>जारी मिति : २०६७/०६/०६<br>पति : श्रवण कुमार राय<br>ससुरा : लक्ष्मी राय<br>ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ | **२. श्रवण कुमार राय**<br>ना.प्र.नं. १५३००५/६, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२८<br>बाबु : लक्ष्मी राय<br>बाजे : सत्युग राय<br>ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ |
| **३. कैलाश राय**<br>ना.प्र.नं. १५२००५/३९४१, ई.प्र.का. लाहान, सिरहा<br>जारी मिति : २०६७/०७/१४<br>बाबु : श्रवण कुमार राय<br>बाजे : लक्ष्मी राय<br>ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ | **४. जितेन्द्र राय**<br>ना.प्र.नं. १५२००५/१२९२३, ई.प्र.का. लाहान, सिरहा<br>जारी मिति : २०७०/०३/३०<br>बाबु : श्रवण कुमार राय<br>बाजे : लक्ष्मी राय<br>ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

लक्ष्मी रायको बुहारी, श्रवण कुमार रायको पत्नी, सिरहा जिल्ला, लहान न.पा. वडा नं. ७ स्थायी ठेगाना भइ हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १ बस्ने गिता देवी रायको नाममा मालपोत कार्यालय लाहान, सिरहामा दर्ता कायम भएको सिराहा जिल्ला, सिंग्राही मटियर्वा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. १५४९ र ७७६ सिट नं. ४ ख को क्षेत्रफल क्रमस: ०-०-६१/२-० र ०-०-७-० (बि.क.धु.क) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : महुली**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय राजबिराज, सप्तरीमा प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **आकृति एण्ड रघु जेनरल स्टोर ।**
दर्ता नं. ६६९८/०७५/७६, दर्ता मिति : २०७५/०९/१८, पान नं. ६०८९९७०१०, दर्ता मिति : २०७५/०९/१८
ठेगाना : सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन वडा नं. ६, **प्रोप्राईटर : बबलु परियार**

**व्यक्तिगत जमानतकर्ताहरू**

| | |
|---|---|
| **१. बबलु परियार**<br>ना.प्र.नं. १६३०१४/३, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६३/१०/१४<br>बाबु : जुगल परियार<br>बाजे : कुशुम लाल परियार<br>ठेगाना : सप्तरी जिल्ला, बकधुवा वडा नं. ६ | **२. पुजा देवी परियार**<br>ना.प्र.नं. १६-०१-७३-०६४२५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७३/०५/१४<br>बाबु : राज कुमार परियार<br>पति : बबलु परियार, ससुरा : जुगल परियार<br>ठेगाना : सप्तरी जिल्ला, बकधुवा वडा नं. ६ |
| **३. जुगल परियार**<br>ना.प्र.नं. ३६०२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४०/०३/१०<br>बाबु : कुशुम लाल परियार<br>बाजे : हर्क लाल परियार<br>ठेगाना : सप्तरी जिल्ला, बकधुवा वडा नं. ६ | **४. मिरा कुमारी परियार**<br>ना.प्र.नं. ४४१८३८२२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४५/०१/२९<br>बाबु : दिपक परियार<br>पति : जुगल परियार, ससुरा : कुशुम लाल परियार<br>ठेगाना : सप्तरी जिल्ला, जगतपुर वडा नं. ८ |
| **५. आनन्द कुमार परियार**<br>ना.प्र.नं. १६३०१४/४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६३/१०/१४<br>बाबु : जुगल परियार<br>बाजे : कुशुम लाल परियार<br>ठेगाना : सप्तरी जिल्ला, बकधुवा वडा नं. ६ | **६. कविता वि.क. परियार**<br>ना.प्र.नं. १६०१७३०२५६९, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७३/०२/२४<br>बाबु : अमर बहादुर विश्वकर्मा<br>पति : आनन्द कुमार परियार, ससुरा : जुगल परियार<br>ठेगाना : सप्तरी जिल्ला, बकधुवा वडा नं. ६ |

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. कुशुम लाल परियारको बुहारी, जुगल परियारको पत्नी, सप्तरी जिल्ला जगतपुर गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन वडा नं. ६ बस्ने मिरा कुमारी परियारको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, बकधुवा गा.वि.स. वडा नं. ९ क स्थित कि.नं. ६७३ को क्षेत्रफल ०-०-१५ (बि.क.धु.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी आकृति एण्ड रघु जेनरल स्टोरले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

**शाखा कार्यालय : कावासोती**

| ऋणीको नाम, ठेगाना | व्यक्तिगत जमानतकर्ताहरू |
|---|---|
| **ओम बहादुर खडलुक**<br>ना.प्र.नं. १८८९२, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०५७/१०/१५<br>बाबु : तोल बहादुर खडलुक<br>बाजे : डिल बहादुर खडलुक<br>ठेगाना : नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. १<br>हाल : नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १३ | **लक्ष्मी सोमै मगर**<br>ना.प्र.नं. ४१५०५, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०६१/११/३०<br>बाबु : वल बहादुर सोमै<br>पति : ओम बहादुर खडलुक, ससुरा : तोल बहादुर खडलुक<br>ठेगाना : नवलपरासी जिल्ला, मैनाघाट गा.वि.स. वडा नं. ९<br>हाल : नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १३ |

**धितोमा रहेको सम्पतिको विवरण**

डिल बहादुर खडलुकको नाति, तोल बहादुर खडलुकको छोरा, नवलपरासी जिल्ला, राकाचुली गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १३ बस्ने ओम बहादुर खण्डलुकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीमा दर्ता कायम भएको नवलपरासी जिल्ला, हुप्सेकोट गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३२८९ को क्षेत्रफल १-५-१-१ (रो.आ.पै.दा.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| १६८१०० | ० | १९१५ |

## उपत्यकाको विद्युत् आपूर्ति सुधार्न ६ सबस्टेसन निर्माणाधीन



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाभित्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउन ६ वटा सबस्टेसन निर्माणाधीन छन् । नेपाल विद्युत प्राधिकरणले उपत्यकाभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुधारका लागि काठमाडौं र भक्तपुरका विभिन्न स्थानमा १३२/११ केभीका ६ वटा सबस्टेसन निर्माण गरिरहेको छ ।

यसमध्ये काठमाडौंको टेकु सबस्टेसन सञ्चालनमा आइसकेको छ । फुटुङ र मुलपानी सबस्टेसन अन्तिम चरणमा छन् । दुवै सबस्टेसनलाई दुई महिनाभित्र सञ्चालनमा ल्याउने गरी अन्तिम चरणका कामहरू भइरहेका छन् । भक्तपुरको चाँगुनारायण सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ । सबस्टेसनलाई सञ्चालन (चार्ज)मा ल्याउन मात्र बाँकी रहेको छ । चोभार सबस्टेसन आगामी असारभित्र र भक्तपुरको ठिमी सबस्टेसन ८ महिनाभित्र सञ्चालनमा ल्याउने गरी निर्माण भइरहेका छन् ।

प्रत्येक सबस्टेसनको क्षमता ९०/९० एमभिए रहेको छ । सबस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि काठमाडौं उपत्यकामा थप करिब ५ सय मेगावाट विद्युत प्रवाह गर्न सक्ने पूर्वाधार तयार हुने छ । हाल काठमाडौं उपत्यकाको विद्युत माग ५ सय मेगावाटको हाराहारीमा छ ।

भविश्यमा बृद्धि हुन सक्ने विद्युत्को सम्भावित मागलाई सम्बोधन गर्न प्राधिकरणले सन् २०५०को समयसीमा निर्धारण गरी काठमाडौं उपत्यकाका प्रमुख क्षेत्ररुमा चरणवद्ध रूपमा प्रसारण तथा वितरण पूर्वाधार निर्माणको प्रक्रिया अगाडि बढाएको छ । सन् २०५० सम्ममा काठमाडौं उपत्यकाको विद्युत्को उच्चतम माग ३ हजार १ सय मेगावाट पुग्ने प्रक्षेपण गरी प्राधिकरणले २२०, १३२, ३३ र ११ केभी तहका २० वटा नयाँ सबस्टेसन निर्माण प्रक्रिया अगाडि बढाएको हो ।

सबस्टेसन निर्माणका लागि जग्गा अधिग्रहण भइसकेको छ । २२० केभी प्रसारण संरचनाले काठमाडौं उपत्यकाको बाहिरी परिधिलाई घेर्ने गरी २२० केभीको रिङ निर्माण गर्न सर्वेक्षणलगायतका पूर्व तयारीका काम सम्पन्न भइसकेका छन् । तामाकोसी र सुनकोसी नदी जलाधार क्षेत्रमा निर्माण भएका जलविद्युत आयोजनाको विद्युत काठमाडौं उपत्यकामा आपूर्तिका लागि ४००/२२०, २२०/१३२ र १३२/११ केभी तहको लप्सीफेदी सबस्टेसन निर्माणाधीन छ ।

काठमाडौं उपत्यकाको विद्युत आपूर्तिलाई भरपर्दो गुणस्तरीय र आधुनिक बनाउन नयाँ सबस्टेसन निर्माण, सञ्चालनमा रहेका स्वस्टेसनलाई स्वचालित बनाउने, विद्युतीय तारलाई भूमिगत बनाउने, नयाँ फिडर तथा ट्रान्सफर्मर थप्ने तथा सुदृढीकरण गर्ने लगायतका आयोजनाहरू सञ्चालित छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शुक्रबार निर्माणाधीन सबस्टेसनको अनुगमन गरी काठमाडौं उपत्यकाभित्रको विद्युत बढ्दो माग धान्न र आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन निर्माणलाई जतिसक्दो छिट्टो सम्पन्न गर्न आग्रह गरे । निर्माणाधीन सबै सबस्टेसन सञ्चालनमा आएपछि काठमाडौंको विद्युत् माग र आपूर्ति व्यवस्थापनमा धेरै सहज भई विद्युत् आपूर्ति थप भरपर्दो एवम् गुणस्तरीय हुने उनले उल्लेख गरे ।

आव २०८२/८३ बजेट

# तयार भयो ‘बजेट क्यालेण्डर’

## करिब १९ खर्बको बजेट लेखिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जुमा कार्यतालिका (बजेट क्यालेन्डर) तयार पारी बजेट लेखन थालेको छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले उपलब्ध गराएको बजेट सीमा (सिलिङ) भित्र रही आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढेको अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए । ‘आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन गरेर अध्यादेशमार्फत ल्याइएको बजेट क्यालेण्डरसम्बन्धी व्यवस्थाअनुसार काम अघि बढिरहेका छन् । स्रोत अनुमान समितिले करिब रू १९ खर्ब हाराहारीको बजेट सिलिङ उपलब्ध गराइसकेको छ । सबै विषयगत मन्त्रालयलाई पनि बजेट सिलिङ दिइसकेका छौं’, भण्डारीले भने ।




आगामी आर्थिक वर्षको बजेट बनाउनका लागि सबै मन्त्रालयहरूले बजेटको सीमा र बजेट तर्जुमा मार्गदर्शन पाइसकेका छन् । मन्त्रालयहरूले बजेटमा समावेश गर्नुपर्ने नीति, कार्यक्रम र अपेक्षित उपलब्धिसहितका सूचकहरूको विवरण आगामी चैत १ गतेदेखि चैत २० गतेसम्म अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराइसक्नुपर्नेछ ।

बजेटमा समावेश गर्नुपर्ने विषयहरूमा सार्वजनिक सूचना जारी गरी सुझाव सङ्कलन गर्ने काम आगामी चैत १५ गतेदेखि २०८२ वैशाख १० गतेभित्र टुङ्ग्याउने गरी कार्यतालिका बनाइएको छ । बजेटका नीति तथा कार्यक्रममाथि आगामी चैत १६ गतेदेखि चैत २२ गतेसम्म राष्ट्रिय योजना आयोगमा छलफल चल्नेछ ।

सबै मन्त्रालयहरूले आगामी चैत १५ गतेभित्र सम्बन्धित मन्त्रालय र मातहतका निकायबाट आगामी आर्थिक वर्षका लागि कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गरिसक्नुपर्नेछ । मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मार्फत् विषयगत मन्त्रालयहरूले बजेत प्रस्ताव गर्ने अन्तिम मिति चैत १५ लाई तोकिएको छ । यसरी मन्त्रालयबाट प्रस्ताव भएका योजना तथा कार्यक्रममाथि मन्त्री र सचिवहरूसँग आगामी चैत २० गतेदेखि चैत २२ गतेसम्म सैद्धान्तिक छलफल चल्नेछ । मन्त्रालयहरूसँग बजेट कार्यक्रम र शीर्षकगत छलफल भने चैत २४ गतेदेखि वैशाख १५ गतेसम्म चल्नेछ ।

त्यस्तै, चैत २८ गतेभित्र अन्तरसरकारी वित्त परिषद्को बैठक बसिसक्ने र बजेटका उद्देश्य, प्राथमिकता एवं मुख्य कार्यक्रमबारे सांसदहरूसँग प्रदेशगत रूपमा छलफल हुनेछ । सङ्घीय सशर्त अनुदानका विषयमा प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालयहरूसँग छलफलका लागि आगामी चैत २४ देखि वैशाख १५ गतेसम्मको समयावधि तोकिएको छ ।

आगामी आर्थिक वर्षको बजेटबारे राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्रीहरू, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री एवं विज्ञहरूसँगको छलफलका चैत २६ देखि वैशाख २५ गतेसम्म चल्नेछ । त्यस्तै, आगामी वैशाख १० गतेभित्र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकताको मस्यौदा तयार पार्ने र वैशाख १५ गतेभित्र सङ्घीय सदनका दुवै सदनमा पेस गर्नेगरी क्यालेन्डर बनेको छ ।

आगामी जेठ १ गतेभित्र राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गर्नेछ र त्यो बेलासम्ममा बजेट वक्तव्यको पहिलो मस्यौदा तयार भइसक्नेछ । त्यस्तै, अर्थमन्त्रीले जेठ १० गते राष्ट्रपतिसमक्ष बजेट ‘बिफ्रिङ’ गर्ने कार्यतालिका छ । बजेट वक्तव्यलाई जेठ १३ गतेभित्र अन्तिम रूप दिइ जेठ १४ गते मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा ब्रिफ्रिङका लागि लगिनेछ ।

आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत विधेयक जेठ १४ गते छपाइका लागि पठाइनेछ । आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयहरूको प्रगति विवरण आगामी जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा प्रस्तुत हुनेछ । त्यस्तै, जेठ १५ गते संयुक्त सदनमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट पेस हुनेछ ।

### राजस्व परामर्श समिति र बजेट लेखन समिति गठन

अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालको संयोजकत्वमा पाँच सदस्यीय बजेट मस्यौदा लेखन समिति गठन भएको प्रवक्ता भण्डारीले जानकारी दिए । समितिमा वैदेशिक महाशाखा प्रमुख धनीराम शर्मा, राजस्व महाशाखा प्रमुख उत्तर कुमार खत्री, प्रशासन महाशाखा प्रमुख थानप्रसाद पङ्गेनी, आन्तरिक राजस्व विभागका महानिर्देशक तीर्थराज चिलुवाल र सहमहालेखा नियन्त्रक सुशीला अर्याल सदस्य छन् ।

त्यसैगरी, राजस्व सचिव दिनेश कुमार घिमिरेको संयोजकत्वमा राजस्व परामर्श समिति गठन भएको छ । भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवं राजस्व चुहावट नियन्त्रणका लागि केकस्ता रणनीति अवलम्बन गर्न सकिन्छ भनेर यो समितिले सरकारलाई सुझाव दिनेछ । राजस्व परामर्श समितिअन्तर्गत विभिन्न सात वटा उपसमितिहरू गठन भएको पनि अर्थ मन्त्रालयले जनाएको छ ।

जसमा आन्तरिक राजस्व उपसमिति, भन्सार उपसमिति, उद्योग, वाणिज्य तथा निर्यात प्रवर्द्धन उपसमितिलगायत उपसमितिहरू रहेका छन् । त्यस्तै, राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति, कृषि, ऊर्जा तथा पर्यटन उपसमिति, बैंक तथा वित्तीय संस्था, बिमा, सहकारी तथा पुंजीबजार उपसमिति र गैरकर तथा अन्तर-सरकारी राजस्व व्यवस्थापन उपसमिति रहेका छन् ।

## आलु खेतीमा आधुनिकयन्त्र प्रयोग गर्दै किसान

■ प्रभाव संवाददाता

**मध्यविन्दु (नवलपरासी)–** नवलपरासी( बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-२ का मायाराम महतोलाई गत वर्षसम्म एक बिघा जमिनको आलु खन्न २० जना खेताला जम्मा गर्नु पर्दथ्यो । तर अहिले एक बिघा क्षेत्रफलको आलु उनी एक्लैले एकै दिनमा सक्छन् ।

लामो समय अर्म-पर्म गरेर आलु खेती गरेका मायाराममले गत वर्षदेखि घरमै पावर टिलर(हाते ट्याक्टर) किनेर खेती गर्दै आएका छन् । सामूहिक रूपमा आलु खेती गर्ने भएको हुँदा गत वर्ष कृषि ज्ञान केन्द्रको ७५ प्रतिशत अनुदानमा उनले पावर टिलर किनेको बताए ।

‘स्वदेशमा नै कृषि गर्ने भनेर विदेशबाट फर्किएको थिए तर धेरै मानिस खोजेर काम गर्नु पर्दा निकै समस्या भएको थियो । तर अहिले पावर टिलरको सहायताले आलु रोप्नेदेखि निकाल्दासम्म सजिलो भएको छ । हप्ता दिनसम्म लाग्ने गरेको काम एक दुई दिनमै सकिन्छ,’ उनले भने । नन्दपुर बहुउद्देश्यीय कृषक समूह मध्यविन्दु-२ को अध्यक्षसमेत रहनुभएका मायारामले प्रविधिको सहायताले नै १५ बिघा जमिनमा सामूहिक आलु खेती गरिएको बताए । प्रविधिको सहयोगले गर्दा थोरै जनशक्तिबाट धेरै काम गर्न सकिने भएकाले आर्थिक बचतसमेत भएको किसान मायाराममले बताए ।

‘पहिले हामी आफैं आलु लगाउने ड्याम बनाउने, गोडमेल गर्ने, आलु निकाल्ने गर्दथ्यौं, धेरै मान्छे र समय लाग्दथ्यो,’ उनले भने, ‘अहिले हाते ट्याक्टरको सहायताले सबै काम गर्दछौं सहज भएको छ ।’ कृषि प्रविधिले खेती गर्न सहज भएपछि नन्दपुर बहुउद्देश्यीय कृषक समूहले आलु खेतीको क्षेत्रफल पनि विस्तार गरेको छ । सुरुमा दुई बिघा जमिनमा गरिएको आलु खेती अहिले १५ बिघा पुऱ्याइएको छ भने आगामी वर्ष २० बिघामा गर्ने योजना रहेको मायारामले जानकारी दिए ।

मध्यविन्दु -२ कै रमेश थनेत थारु पनि पछिल्लो समय प्रविधिका माध्यमबाट खेती गर्दै आएका छन् । लामो समयसम्म कुटो कोदालोको प्रयोग गर्दै आएका रमेश प्रविधिको माध्यमबाट खेती गर्न सहज भएको बताउँछन् । सबै काम श्रमबाट मात्र गर्दा समय बढी लाग्ने र मिहिनेत धेरै लाग्ने गरे पनि प्रविधिको सहयोगमा कम समयमै धेरै खेती गर्न सकिने उनी बताउँछन् ।

‘धान, तोरी, गहुँ खेतीमा कृषि यन्त्रको प्रयोग गर्ने गरिएको भए पनि आलु खेतीमा सबै काम मान्छेले नै गर्ने गरेका थियौं’, उनले भने, ‘अहिले आलु उत्पादन गर्न धेरै सहज भएको छ, थोरै मान्छेले धेरै खेती गर्न सकेका छौं ।’

मायाराम र रमेशजस्तै पछिल्लो समय जिल्लामा धेरै किसानले कृषि यन्त्र प्रयोग गरेर आलु खेती गर्दै आएका छन् । अन्न वालिमा मात्रै कृषि यन्त्रको प्रयोग हुँदै आएकोमा केही वर्षदेखि तरकारी खेतीमा पनि कृषि यन्त्रको प्रयोग बढेको हो ।

पछिल्लो समय पावर ट्रेलर, ट्याक्टर, मिनी ट्रेलर को सहायताले तरकारी खेती गर्ने गरिएको कृषि ज्ञान केन्द्र नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रमुख कुलप्रसाद तिवारीले बताए । कृषिमा आधुनिक प्रविधिका औजार भित्रिएसँगै धेरै किसानले सहजरूपमा कृषि उत्पादन गर्ने गरेको तिवारीको भनाइ छ । परम्परागत शैलीमा खेतीपाती गर्ने किसान पछिल्लो समय प्रविधितर्फ आकर्षित भएको उनले बताए ।

‘जिल्लामा पछिल्लो समय तरकारी खेतीका लागि कृषि यन्त्रको प्रयोग बढेको छ । धेरै जसो किसानले कुटो कोदालोको सट्टा हाते ट्याक्टरको प्रयोग गर्दै आएका छन्’, उनले भने, ‘मानवीय श्रमको भरमा खेती गर्दै आएका किसान पछिल्लो समय प्रविधिमा जोडिएसँगै थोरै किसानले धेरै क्षेत्रफलमा खेती गर्न सक्ने भएको देखेका छौं ।’

कृषि ज्ञान केन्द्रमार्फत कृषकलाई कृषि यन्त्रमा विभिन्न खाले अनुदान दिँदै आएको प्रमुख तिवारीले जानकारी दिए । परम्परागतरूपमा खेती गर्दै आएका किसानलाई पछिल्लो समय प्रविधिमैत्री बनाउँदै लगेपछि काममा सहजतासँगै उत्पादनसमेतमा राम्रो हुँदै गएको उनले बताए ।

‘पहिले किसान परम्परागत रूपमा धेरै दिन र मेहनत लगाएर खेती गर्ने गरेका थिए, तर अहिले प्रविधिले गर्दा थोरै समयमा धेरै खेती गर्न सफल हुनुभएको छ’, उनले भने, ‘प्रविधिले गर्दा थोरै जनसंख्याबाट पनि धेरै खेती गर्ने र उत्पादन लिन सकिने भएको छ ।’

## कर्णालीमा स्वरोजगार तथा आर्थिक सशक्तीकरण कार्यक्रम

■ प्रभाव संवाददाता

**काँक्रेविहार–** सङ्घीय सरकारले कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली जिल्लामा स्वरोजगार तथा आर्थिक सशक्तीकरण कार्यक्रमका लागि कर्णालीका २१ पालिका छनोट गरी बजेट पठाएको छ ।

कर्णालीका मुगु, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, रुकुम पश्चिम, जाजरकोट जिल्लाका २१ पालिका छनोट गरेर बजेट पठाएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कालीप्रसाद पराजुलीले जानकारी दिए । उनका अनुसार उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक, सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न २१ स्थानीय तहले बजेट पाएका हुन् ।

सङ्घीय सरकारबाट प्राप्त उक्त बजेटलाई स्थानीय तहले छनोट गरेका पूर्वाधार, उद्यमशीलतादेखि सीप विकासका कार्यक्रममा खर्च गर्ने सर्तहरू तोकिएको पराजुलीले बताए । त्यस्तै स्थानीय तहले छनोट गरेका कृषि, पशुपालनसँगै पर्यटनका क्षेत्रमासमेत खर्च गर्ने उद्देश्य राखिएको छ ।

मन्त्रालयले उच्च पहाडी तथा हिमाली क्षेत्रमा स्वरोजगार तथा आर्थिक, सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ मा भएको व्यवस्थाबमोजिम चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालन गर्न बजेट उपलब्ध गराउने गरी छनोट भएका आयोजना/कार्यक्रम तथा बजेटसहित स्थानीय तहको सूची सार्वजनिक गरेको छ ।

मन्त्रालयले सार्वजनिक गरेको सूचीअनुसार मुगुको सोरु गाउँपालिका, खत्याड गाउँपालिकामा दुईवटा तथा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका, डोल्पो बुद्ध गाउँपालिका, काइके गाउँपालिका र छार्का ताङसोङ गाउँपालिकामा कार्यान्वयन हुने सात आयोजनाका लागि रकम सम्बन्धित पालिकामा पठाइएको मन्त्रालयका सहसचिव पराजुलीले जानकारी दिए ।

उनका अनुसार हुम्लाका सिमकोट गाउँपालिका, नाम्खा गाउँपालिका र खार्पुनाथ गाउँपालिकामा पाँच, जुम्लाको सिञ्जा गाउँपालिकामा दुई, कालीकोटको तिलागुफा नगरपालिका, नरहरिनाथ गाउँपालिका र पचालझरना गाउँपालिकामा तीनवटा कार्यक्रमका लागि बजेट विनियोजन भएको छ ।

यस्तै, रुकुम पश्चिमका मुसिकोट नगरपालिका, चौरजहारी नगरपालिका, बाँफिकोट गाउँपालिका र सानी भेरी गाउँपालिकामा छ वटा आयोजना कार्यान्वयन हुनेछन् । जाजरकोटको छेडागाड नगरपालिका, नलगाड नगरपालिका, जुनिचाँदे गाउँपालिका र शिवालय गाउँपालिकामा सातवटा कार्यक्रमका लागि सम्बन्धित पालिकामा बजेट पठाइएको मन्त्रालयले जनाएको छ । कर्णालीबाट छनोटमा परेका पालिकामा कार्यक्रम कार्यान्वयनका लागि रु सात करोड ४३ लाख विनियोजन गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ